# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कटारी नगरपालिका
## उदयपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कटारी नगरपालिका

## उदयपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कटारी नगरपालिका

उदयपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ २०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मिति:२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ७६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुख ज्यू,
कटारी नगरपालिका, कटारी नगर कार्यपालिकाको कार्यालय,
उदयपुर ।

१. **कैफियत सहितको राय** – हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड ३४ लाख १८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.९७ लाख ८९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड १७ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४७ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३५ लाख ८३ हजार र पेश्की बाँकी रु.३५ लाख २६ हजार समेत रु.५ करोड ३६ लाख २९ हजार रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रु.४३ करोड १५ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा यो बर्ष १ करोड ६४ लाख फस्यौंट भई हालसम्मको अद्यावधिक बेरुजू रु.४६ करोड ८७ लाख ४२ हजार

रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

# कटारी नगरपालिका, उदयपुर

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८३ | ८७ | ६३४१८ | ० | ४ | ९७८९ | ८३ | ८३ | ५३६२९ | ११७७१ | ३३५८३ | ४७४९ | ० | ० | ३८३३२ | ३५२६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | ४३१५१३ | ० | १६४०० | ४१५११३ | ० | ५३६२९ | ४६८७४२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | २७ | राजस्व दाखिला भएको प्रमाण पेश | १६९९८१८.६५ |
| २ | २०७९।८० | ६५ | कार्य सम्पन्न भएको प्रमाण पेश | ८६८६७.२ |
| ३ | २०७९।८० | ७७ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | २३८० |
| ४ | २०७९।८० | ८१ | अनुगमन प्रतिवेदनको प्रमाण पेश | ८००००० |
| | **चालु वर्षको जम्मा** | | | **९७८९०६५.८५** |
| १ | २०७७।७८ | २१ | कार्य सम्पन्न प्रतिवेदनको प्रमाण पेश | ११५००००० |
| २ | २०७८।७९ | २० | पेशकी फस्र्यौट भएको प्रमाण पेश | ३६००००० |
| ३ | २०७८।७९ | ४५ | जिन्सी दाखिला भएको प्रमाण पेश | १३००००० |
| | **गत विगतको जम्मा** | | | **१६४०००००** |
| | **कुल जम्मा** | | | **२६१८९०६५.८५** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) कटारी नगरपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ४२४.९वर्ग किलोमिटर तथा ५९५०७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।२४ देखि २०८०।६।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको

प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको विनियोजनतर्फ रु.६३२५१४६५२।३९, राजश्वतर्फ रु.१८२६५३१४५।८ , धरौटीतर्फ रु.७५७५६८२।६५, अन्य कारोबारतर्फ रु.२५२८७०६६५।५०, गरी जम्मा रु.१०७५६१४१४६।४३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बैठक भत्ता दोहोरो भुक्तानी | १७८५० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **ठेक्का अभिलेख** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्ने र सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की जमानतको अद्यावधिक अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख अद्यावधिक गरेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२ अनुसुचीमा संलग्न छ) सम्बन्धमा निम्न अनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८८,५१,७४,८०२.८० | ७६,३८,००,७८५.७२ | | ७६,३८,००,७८५.७२ | ७७,०१,४३,६९९.८१ | | ७७,०१,४३,६९९.८१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८५,६८,०४,२८७.३० | ७३,४३,०४,०४२.४२ | ० | ७३,४३,०४,०४२.४२ | ७४,६७,७२,१६८.०५ | ० | ७४,६७,७२,१६८.०५ |
| ११००० कर | ११ | २०,४३,९६,५५०.०० | १५,६७,७६,९३६.५१ | ० | १५,६७,७६,९३६.५१ | १९,००,१०,३४७.५६ | ० | १९,००,१०,३४७.५६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३००० अनुदान | | ५९,६१,८२,६९५.०० | ५५,१६,५०,८९६.६४ | ० | ५५,१६,५०,८९६.६४ | ५२,८०,९४,०३६.३७ | ० | ५२,८०,९४,०३६.३७ |
| संघीय सरकार | १२ | ५७,१६,१५,६९५.०० | ५२,९९,०४,५७८.६४ | ० | ५२,९९,०४,५७८.६४ | ५०,३०,५७,३८६.३७ | ० | ५०,३०,५७,३८६.३७ |
| प्रदेश सरकार | १२ | २,४५,६७,०००.०० | २,१७,४६,३१८.०० | ० | २,१७,४६,३१८.०० | २,५०,३६,६५०.०० | ० | २,५०,३६,६५०.०० |
| १४००० अन्य राजस्व | | १,४१,५०,०००.०० | २,५७,७०,०४९.२७ | ० | २,५७,७०,०४९.२७ | २,३०,९५,०७१.३० | ० | २,३०,९५,०७१.३० |
| १५००० विविध प्राप्ति | | ० | १,०६,१६०.०० | ० | १,०६,१६०.०० | ५५,७२,७१२.८२ | ० | ५५,७२,७१२.८२ |
| ३२००० वित्तीय सम्पत्ति | | ४,२०,७५,०४२.३० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २,८३,७०,५१५.५० | २,९४,९६,७४३.३० | | २,९४,९६,७४३.३० | २,३३,७१,५३१.७६ | | २,३३,७१,५३१.७६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | १३,००,०००.०० | ० | १३,००,०००.०० |
| कोषहरु | | २,८३,७०,५१५.५० | २,७१,४४,६३२.३० | ० | २,७१,४४,६३२.३० | १,९५,३८,९५३.७६ | ० | १,९५,३८,९५३.७६ |
| धरौटी | | ० | २३,५२,१११.०० | ० | २३,५२,१११.०० | २५,३२,५७८.०० | ० | २५,३२,५७८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८८,५१,७४,८०२.८० | ७४,६७,२७,७९४.५४ | | ७४,६७,२७,७९४.५४ | ७३,९२,६२,७५७.६२ | | ७३,९२,६२,७५७.६२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८५,६८,०४,२८७.३० | ७२,३१,४७,६९६.७४ | | ७२,३१,४७,६९६.७४ | ७२,३६,१२,९५८.१२ | | ७२,३६,१२,९५८.१२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३०,६६,६६,२१०.०० | २७,३५,२८,९९८.२२ | ० | २७,३५,२८,९९८.२२ | २४,५४,०९,७२९.४० | ० | २४,५४,०९,७२९.४० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २३,३१,५८,३८२.३० | १८,९०,७५,३५६.९२ | ० | १८,९०,७५,३५६.९२ | २२,८८,४१,३९९.४४ | ० | २२,८८,४१,३९९.४४ |
| २५००० सहायता (Subsidy) | १८ | ७,१८,३१,०००.०० | ६,७२,०७,९३२.६० | ० | ६,७२,०७,९३२.६० | ३,२७,१६,६६४.२८ | ० | ३,२७,१६,६६४.२८ |
| २७००० सामाजिक सुरक्षा | १८ | २,१५,१२,०००.०० | १,९३,९२,९६५.०० | ० | १,९३,९२,९६५.०० | १,००,९४,७३७.०० | ० | १,००,९४,७३७.०० |
| २८००० अन्य खर्च | १८ | ४१,००,०००.०० | ३०,९४,७९०.०० | ० | ३०,९४,७९०.०० | ३६,१८,६८९.०० | ० | ३६,१८,६८९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१,९५,३६,६९५.०० | १७,०८,४७,६५४.०० | ० | १७,०८,४७,६५४.०० | २०,२९,३१,७३९.०० | ० | २०,२९,३१,७३९.०० |
| घ. अन्य भूक्तानी | | २,८३,७०,५१५.५० | २,३५,८०,०९७.८० | | २,३५,८०,०९७.८० | ७३,९२,६२,७५७.६२ | | ७३,९२,६२,७५७.६२ |
| कोषहरु | | २,८३,७०,५१५.५० | २,२१,३९,४८०.८० | ० | २,२१,३९,४८०.८० | १,३७,८३,१३५.५० | ० | १,३७,८३,१३५.५० |
| धरौटी | | ० | १४,४०,६१७.०० | ० | १४,४०,६१७.०० | १८,६६,६६४.०० | ० | १८,६६,६६४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | १,७०,७२,९९१.१८ | | १,७०,७२,९९१.१८ | ३,०८,८०,९४२.१९ | | ३,०८,८०,९४२.१९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,४४,०८,४१२.३२ | | ६,४४,०८,४१२.३२ | २,२७,१७,४०६.८६ | | २,२७,१७,४०६.८६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ८,१४,८१,४०३.५० | | ८,१४,८१,४०३.५० | ५,३५,९८,३४९.०५ | | ५,३५,९८,३४९.०५ |
| बैंक तथा नगद बाकी | २४ | | ६,५८,०९,९८५.८४ | | ६,५८,०९,९८५.८४ | ५,३५,९८,३९१.०५ | | ५,३५,९८,३९१.०५ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण र गरिवसँग विश्वेश्वरको रु.२२२३८५५०१ र स्थानीय लैङ्गिक निवारण कोषको रु.४०००००

समेत गरी रु.२२२७८५५०१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५५८२६०८९ मौज्दात रहेकोमा यो वर्ष रु.६००११०४५.०६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४१८४९५६.०६ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४३९७३६७.२६, यस वर्षको प्राप्ति रु.२५१८०२३१५.५६, यस वर्षको भुक्तानी रु.२६२७५३३६५.९६ र बैङ्क मौज्दात रु.३२३०००.०१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६४४०८४१२.३२ | ७६३८००७८५.७२ | ७४६७२७७९४.५४ | ६५८०९९८५.८४ |
| एकीकृत आर्थिक विवरण अनुसार | ६००११०४५.०६ | १०१५६०३१०१.२८ | १००९४८११६०.५ | ६६१३२९८५.८५ |
| **फरक** | **४३९७३६७.२६** | **-२५१८०२३१५.५६** | **-२६२७५३३६५.९६** | **-३२३०००.०१** |

सैद्धान्तिक बेरुजु

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **अस्पताल आय व्यय -** सार्वजनिक निकायले प्रचलित कानून बमोजिम लेखांकन र प्रतिवेदन गर्ने गरी आर्थिक कारोबार गर्नुपर्ने व्यवस्था छ । कटारी नगरपालिकाले सञ्चालन गरेको कटारी अस्पतालको वार्षिक आय व्यय विवरण माग गरिएकोमा गत आव जिम्मेवारी सरेको रु.६९६२४२ सहित रु.२०४१९४६२ सहितको आम्दानी र वर्षान्तको मौज्दात रु.२८४८८८८६ देखाएकोमा सो बमोजिम आय व्यय विवरणले आम्दानी र खर्चको यथार्थ विवरण पुष्टि हुन सकेन । अस्पतालमा फार्मेसीतर्फको जिम्मेवारी सरेको रु.९३२८९६ र मौज्दात रु.८९२७७९ देखाएको सहित एकिकृत रुपमा विवरण खुल्न सकेन । अस्पतालमा सफ्टवेयर प्रयोग गरिएको भएतापनि त्यसबाट आम्दानी र खर्च सहित मौज्दात विवरण प्रष्ट नभएकोले लेखापरीक्षणमा अस्पतालतर्फको आम्दानी र खर्चमा फरक देखिएको कारोबारको पुष्टयाई सहितको प्रमाणित कागजात पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९६,९१८ |

९ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले ई सिफारिश सम्बन्धि सफ्टवेयर डिभाईन सफ्टवेयर सोलुसनबाट रु.४८९८५५ र क्राफ्टर्स टेक्नोलोजी प्रालीबाट अपाङ्गत सम्बन्धि परिचय पत्र वा अभिलेख सम्बन्धित सफ्टवेयर रु.३९९५४५ गरी जम्मा रु.८८९४०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१० **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम,

कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.७६ करोड ४३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र= सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | समानिकरण | १०७०२८७०४ | ५८१४१३० | ८१११२५७ | ४१२७७०८८ | ५१८२६२२९ | १९३५३४०५ |
| २ | आन्तरिक श्रोत | ४३७६२४६५.२३ | १४२३७५३१.२५ | ४८५०८८६.०३ | ५६०४९४३.९५ | १९०६९१०४ | १५३४८७१४ |
| ३ | राजस्व बाँडफाँड | १४७३५७३८२.३ | २१९८९६५७.३६ | २२७१६५५८.०४ | ३९०८६७९१.७ | ६३५६४३७५.१७ | ३६९४०३७२.३४ |
| ४ | संघीय सशर्त | ३९२५८७८२८.२४ | ७९९२१३९०.०६ | ६९०१०४०५.३१ | १०७७४६५४३.२८ | १३५९०९४८९.६ | ७३४३५११८.०१ |
| ५ | संघीय समपुरक | ११००००००.०० | ० | ० | ० | ११०००००० | ३७९१८१२ |
| ६ | प्रदेश सशर्त | ६१०४६६३.०० | ० | ६२२६२ | ७३०८४५ | ५३११५५६ | ३८११२७२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | प्रदेश समपुरक | ९८४८२८०.०० | ० | ० | २१०९१९१ | ७७३९०८९ | ७७३९०८९ |
| **जम्मा** | | **७१७६८९३२२.७४** | **१२१९६२७०८.७** | **१०४७५१३६८.३८** | **१९६५५५४०२.९३** | **२९४४१९८४२.७६** | **१६०४१९७८२.३५** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार चौथो त्रैमासिकमा ४१ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र २२.३५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकरुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१५ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ३ वटा नियमावली, ५० कार्यविधि लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले बनाएका कानून निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि सम्पूर्ण कानून पालिकाको वेवसाईटमा अद्यावधिक गरेको छैन । सर्वसाधारणको सहज पहुँच हुने गरी पालिकाका कानून र सञ्चालन अवस्था पारदर्शिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर

बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु

| सि नं | कार्यक्रम/ शिर्षक /योजना | रकम |
|---|---|---|
| १ | क्रमागत योजना | ४७०४१९१ |
| २ | जिम्मेवारी सरी आएको भुक्तानी | ११७४३१८६ |
| ३ | पुरानो कामको भुक्तानी | ३०७८४५३ |
| **जम्मा** | | **१९५२५८३०** |

| अनियमित भएको | १,९५,२५,८३० |
|---|---|

१७ **करार कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी २४ जनालाई तलव भत्ता रु.२५०६०५०७ भुक्तानी गरेको छ। सो मध्ये निम्नानुसारका ७ पद तहका कर्मचारी ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| सि नं | पद तह | संख्या | यस वर्ष तलब भत्तामा भएको खर्च रकम |
|---|---|---|---|
| १ | अधिकृत छैठौं (ईन्जिनियर) | १ | ५६७९५७ |
| २ | सहायक पाँचौ | १ | ४५१४९० |
| ३ | सहायक चौथौ | २ | ५०१९५६ |
| ४ | सहायक चौथो(अ हे व) | ३ | ६२५००० |
| ५ | स्वकिय सचिव | २ | ८८७२५४ |
| ६ | सहायक चौथो(प्राबिधिक सहायक) | १ | ३८८७०० |
| ७ | सहायक चौथो(कानुनी परामर्श वकिल) | १ | २३४००० |
| **कुल जम्मा** | | **११** | **३६५६३५७** |

| अनियमित भएको | ३६,५६,३५७ |
|---|---|

१८ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी लगायतको विवरण निम्नानुसार रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| सि नं | उजुरीका प्रकार | गत बर्षको बाकी | यस बर्षको थप | जम्मा | यो बर्षको फछ्रयौट | फछ्र्यौट हुन बाकी | समयमै फछ्र्यौट नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | पारीश्रमिक तथा ज्याला मजदुरी | ० | ४ | ४ | ४ | ० | असार महिनामा निवेदन दर्ता भएको हूँदा र न्यायिक समितिले न्यायिक समितिमा परेका उजुरीको किनारा प्रतिउत्तर दरता भएको मितिले ९० दिन भित्र फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था भएको हुँदा समयानुसार यस आ.व.मा जिम्मेवारी सरि आएको । |
| २ | जग्गा सम्बन्धि | २ | १७ | १९ | १९ | ० | |
| ३ | गालिवेईजत हातपात | ० | १२ | १२ | १२ | ० | |
| ४ | घरको कम्पाउन्ड तोडफोड | ० | १ | १ | १ | ० | |
| ५ | पालन पोषण नगरेको | ० | ५ | ५ | ५ | ० | |
| ६ | सड्क अबरुद्ध गरेको | ० | २ | २ | २ | ० | |
| ७ | घर, भाडा असुल तथा घर खालि गरीदीने | ० | ३ | ३ | ३ | ० | |
| ८ | आर्थिक हिनामिना तथा तलब भत्ता | ० | १ | ० | ० | १ | |
| ९ | सहकारी सम्बन्धी | २ | २ | ४ | २ | २ | |
| १० | लेनदेन | ० | २१ | २१ | १९ | २ | |
| **जम्मा** | | **४** | **६८** | **७२** | **६७** | **५** | |

सैद्धान्तिक बेरुजु

१९ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.२१६१४६६२।८६, राजस्व बाँडफाँडबाट रु.१६१०३८४८२।९४ र अनुदानबाट रु.५८००७९२९० समेत रु.७६२७३२४३५।८ आम्दानी भएकोमा चालु तर्फ रु.५६४१९४२९३।१ र पूँजिगततर्फ रु.१७०८४७६५४ समेत रु.७३५०४१९४७।१० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.९४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.११९६४००० खर्च भएको छ जुन आन्तरिक आयको ५५.३५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकम रु.७४१११७७७२।९४ बाट ७६.१२ प्रतिशत चालु र २३.०५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.४ करोड ९७ लाख अबण्डा बजेट व्यवस्था गरी १३ योजनामा रु.४ करोड ३६ लाख खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहरण देहाय अनुसार छन्

| क्रस | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | अन्य सामाजिक सहायता (आर्थिक सहायता) | १५०००००. | १४९६२००. |
| २ | क्रमागत योजना | ५००००००. | ४७०४१९१. |
| ३ | जनता सँग मेयर कार्यक्रम | ४००००००. | ३०८४५२६. |
| ४ | जिम्मेवारी सरी आएको भुक्तानी | ११९४३४९६. | ११७४३१८६. |
| ५ | नगर कार्यक्रम | ३५०००००. | ३४५६९२६. |
| ६ | नगर स्तरीय कार्यक्रम | ६२१०००. | ६२१०००. |
| ७ | नगर स्तरीय कार्यक्रम | ५३७९०००. | ५३५७५३४. |
| ८ | पुरानो कामको भुक्तानी । | ७५०००००. | ३०७८४५३. |
| ९ | महिला तथा वालवालिका सँग उपमेयर | २५०००००. | २२९९१४३. |
| १० | विविध खर्च | ४५०००००. | ४४८८४३६. |
| ११ | समग्र बाटो स्तरोन्नती ग्रावेल | ५९००००. | ५७३०२०. |
| १२ | वडा भरिको सडक मर्मत तथा निर्माण | १२३००००. | १२२८१९२. |
| १३ | वडा स्तरीय सडक मर्मत आयोजना | १५०००००. | १४७३२२७. |
| जम्मा | | ४९७६३४९६. | ४३६०४०३४. |

सैद्धान्तिक बेरुजु

२२ **आर्थिक सहायता/वितरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा गर्नुपर्ने पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई तोक आदेश, कार्यक्रम मार्फत तथा सहयोग स्वरुप निम्नानुसार आर्थिक सहायता वितरण गरेको छ :

| क्रस | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | स्थानीय तहको साझेदारीमा हिंसा पिडित महिलाका लागि अल्पकालिनसुरक्षित आवास गृह सञ्चालन सहयोग अनुदान | २०००००. | १९९५८०. |

| | | | |
|---|---|---|---|
| २ | अन्य सामाजिक सहायता (आर्थिक सहायता) | १५०००००. | १४९६२००. |
| ३ | आर्थिक सहायता (सोरुङ्ग निर्वाचन घट्ना) | ११५१०००. | १०५१०००. |
| ४ | आर्थिक सहायता कार्यक्रम | २०००००. | १३८०००. |
| ५ | मानसिक स्वास्थ्य तालिम तथा उपचार सहायता (तालिम तथा मानसिक औषधिखरिद) | ३०००००. | २९९१५३. |
| ६ | विपद् व्यवस्थापन आर्थिक सहायता | ३००००००. | २९७४१३६. |
| ७ | मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको लागि आय आर्जन सहयोग (स्वबलम्वन समूह मार्फत) ५ जना | १०००००. | ०.०० |
| **जम्मा** | | **६४५१०००.** | **६१५८०६९.** |

उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२१६१४६६२।८६ को २८.४९ प्रतिशत हुन आउँछ । पालिकाको आयश्रोत मूल्यांकनका आधारमा निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६११२२६९५.०० | ४५९२३८३७.७६ | ७५.१३ |
| सामाजिक क्षेत्र | ४९१९३४६२५.०० | ४४५०५६३३४.६४ | ९०.४७ |
| पूर्वाधार विकास क्षेत्र | १२३३५४०००.०० | ९५८१५९५९.०० | ७७.६८ |
| वातावरण तथा विपद् व्यवस्थापन | ७६६५०००.०० | ६८२१९५६.०० | ८९.०० |
| संस्थागत विकास र सेवाप्रवाह | २०१९००००.०० | १८०८३७१०.२४ | ८९.५७ |
| वित्तीय व्यवस्थापन र सुशासन | १५५००००.०० | १४५४८००.०० | ९३.८६ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १५०९८७९६७.३० | १२१८८५३४९.५० | ८०.७३ |
| **जम्मा** | **८५६८०४२८७.३०** | **७३५०४१९४७.१४** | **८५.७९** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये वित्तीय व्यवस्थापन र सुशासनमा सबैभन्दा बढी ९३ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ७५ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२४ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण,

उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार कुल २४५ योजनामा वजेट विनियोजन गरेको छ।

| रु.१ लाख सम्म | | रु. १ लाख देखि २ लाख सम्म | | रु. २ लाख देखि ५ लाख सम्म | | रु. ५ लाख देखि १० लाख सम्मका | | रु. १० लाख भन्दा बढीको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | जम्मा |
| ५२ | ४७३१९८७ | ७६ | १३६९४१९१ | ६५ | २१८६५९०१ | ३८ | ३२६०७६८१ | १४ | २७३७८९८२ | १००२७८७४२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित २४५ योजनामध्ये २२ योजना कार्यान्वयन हुन नसकेको, पालिकाले चालु शिर्षक अन्तर्गत समेत योजना सञ्चालन गरेकोमा सो को अभिलेख स्पष्ट नखुलेको, एकमुष्ठ बजेट विनियोजन भई कार्यपालिका निर्णयबाट टुक्रा बनाई योजना सञ्चालन गरेको संख्या र खर्च यकिन गर्न सकिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **जटिल प्रकृतिका पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकामा गत विगतदेखी फछ्र्यौट नभई बाँकी रहेका जनप्रतिनिधि, कर्मचारी, वडा कार्यालय, मर्जमा गएका बैक तथा वित्तिय संस्था, सामाजिक सुरक्षा भत्ताका लागि छनौट भएका बैङ्क, उपभोक्ता समिति लगायतको पेश्की लामो समयदेखी फछ्र्यौट नभएको अवस्थामा रहेका छन् । विभिन्न कर्मचारी, निकाय, व्यक्ति तथा संस्थालाई दिएको पेश्की(संलग्न अनुसुची बमोजिम) रकम रु.३२७५७८७४।३५ लाई प्रचलित कानुन बमोजिम जरिवाना, ब्याज तथा कानूनी प्रक्रियाबमोजिम आवश्यक छानविन सहित व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **राष्ट्रिय भूमि आयोग -** भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि राष्ट्रिय भूमि आयोग सेवा केन्द्र कटारीले कार्य गरिरहेकोमा भूमिहिन दलित ३७०, सुकुम्बासी ९११ र अव्यवस्थित बसोबासी ८६२५ सहित जम्मा ९९०६ को लगत संकलन तथा १२ भूमिहिन परिवारलाई जग्गाधनी पुर्जा दिने तयारी अवस्थामा रहेको विवरण पेश भएको छ । सो मध्ये वडा नं १, २ र ४ का ४१२३ कित्ताका लागि एक नीजि संस्था Geo Engineering Consultancy Pvt. Ltd काठमाडौंले प्रतिकित्ता रु ५०० को दरमा हालसम्म रु ११ लाख रकम संकलन गरेको देखिएको छ । पालिकाको कार्यक्षेत्रमा नीजिसंस्थामार्फत

नाप जाँच कार्य भएको कारण आगामी दिनमा त्यसको आधिकारिकता र प्रमाणिकता नहुने तथ्यलाई कटारी नगरपालिकाले समयमै नियन्त्रण तथा समन्वय गरी राष्ट्रिय भूमि आयोगको उदेश्य एवं कार्यक्षेत्र बमोजिम कार्य सम्पादन भएको सुनिश्चित गर्नुपर्दछ । साथै, सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगमा स्थानीय तह क्रियाशिल बन्नुपर्ने र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **धरौटी सदरस्याहा**

........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१३ को निर्णयबाट रु.१,६९९,८१८.६५।- सम्परीक्षण गरिएको ।)

२८ **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, आर्थिक सहयोग, दिवस, सामाग्री वितरण, धार्मिक संघ संस्था लगायतका शिर्षकमा संलग्न अनुसूची बमोजिम रु.१ करोड ५३ लाख बजेट विनियोजन गरी ४९ योजना वा कार्यक्रममा रु.१ करोड ३६ लाख भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२९ **कर्मचारी तथा व्यक्तिगत पेश्की** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार पेश्की भुक्तानी गर्दा तोकिएको अवधीमा फछ्र्यौट अवस्था, ढिलो फछ्र्यौट गरिएका पेश्की फछ्र्यौट गर्न तोकिए बमोजिम ताकेता, नियम ५३ बमोजिम तोकिएको समयमा पेश्की नगरेका कर्मचारी वा अन्य व्यक्तिको फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमूख समक्ष पेश गरे नगरेको, फछ्र्यौट गर्न बाँकी पेश्की रकम नियम ५३ बमोजिम अर्को वर्ष जिम्मेवारी सारे नसारेको फछ्र्यौट गर्न बाँकी पेश्कीको म्याद थप गर्दा नियम ५४ बमोजिमको प्रकृयाको पालना गर्नुपर्ने व्यवस्था छ । साथै, नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु.६६९८१११७ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की (संलग्न अनुसुची बमोजिम) रु.३५२६२०० फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ३५,२६,२०० |

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३० **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.१०००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

३१ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।

सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले माताहत कर्मचारीलाई कार्यविवरण/कार्यदिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन ।

• एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम शिर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको छ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **सवारी साधन भाडा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम आय सेवामा समेत लागत अनुमान तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८५(१घ) मा रु.१० लाख भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था छ । पालिकाले विभिन्न व्यक्तिसँग सोझै सम्झौता गरी वार्षिक भाडा रु.१२,४२,६५० भुक्तानी गरेको देखिन्छ । ऐन तथा नियमावलीको व्यवस्था बमोजिम सवारी साधन भाडामा खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीक्षक शाखा नै नरहेको, सामाजिक सुरक्षा र गरिवसँग विश्वेश्वर कार्यक्रमतर्फको मात्रै आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएको र लामो समयसम्म आन्तरिक लेखापरीक्षणका लागि आवश्यक जनशक्ति रिक्त रहेको अवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण नहुँदा आन्तरिक नियन्त्रण प्रणालीलाई समयमै सुधार गर्ने आधार कमजोर बनेको र पालिकाका क्रियाकलापलाई समयमै सुधार गर्न पृष्ठपोषण प्राप्त नहुने हुन्छ । तसर्थ, कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१४६५०००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२१६१४६६२.८६ अर्थात अनुमान भन्दा ४७.५ प्रतिशत बढी आय प्राप्त गरेको छ । पालिकामा गत विगतमा मारुती सिमेन्ट कम्पनीबाट वातावरण प्रदुषण शुल्क प्राप्त हुने गरेकोमा यस बर्ष प्राप्त गरेको नदेखिएको, सौर्य सिमेन्ट कम्पनीले आर्थिक वर्ष २०७९।८० तर्फको प्रति मेट्रिक टन रु.६ को दरले जम्मा रु.५१६९५९४ मिति २०८०।४।२१ मा दाखिला गरेको, कसमस सिमेन्टले उदयपुर मिनरल टेक प्रालिमार्फत आ.व. २०७९।८० को रु.५७५६७९ मिति २०८०।६।२४ मा दाखिला गरेको छ । पालिकाले यस्ता आम्दानीको सम्बन्धमा उद्योहरुसँगको समझदारी वा आयको श्रोत यकिन गर्न सक्ने कागजात वा सम्झौता लेखारीक्षणमा पेश गर्न सकेन । आम्दानी भैरहेको श्रोतको आधार यकिन नभएको तथा गत विगतमा जिल्ला समन्वय समितिमार्फत आयोजना प्रभावित क्षेत्रका लागि कम्पनीहरुले गर्नुपर्ने सामाजिक उत्तरदायित्वको रकम एवं राजस्व बाडँफाँड सम्बन्धमा पालिकाले अध्ययन तथा छानविन गरी श्रोत सुनिश्चितता गर्नुपर्ने देखिएको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३५ **विद्यालयतर्फ कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१७३१८३७ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। न्यून लक्ष्य प्रक्षेपण गरेको र अनुमान नै नगरेको शिर्षकमा दस्तुर समेत यसमा समावेश गरेको कारण पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । साथै, पालिकामा २० नीजि विद्यालय रहेको विवरण पेश भएकोमा वार्षिक नविकरण शुल्क रु.५०० र व्यवसाय कर निर्धारण भएकोमा निम्नानुसार रु.६८ हजार संकलन वा असुल भएको नदेखिएकोले असुल गर्नुपर्ने रु

| क स | विद्यालयको तह | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | प्रावि | ७ | २००० | १४००० |
| २ | निमावि | ७ | २००० | १४००० |
| ३ | मावि | ६ | ५००० | ३०००० |
| ४ | नविकरणतर्फ | २० | ५०० | १०००० |
| **जम्मा** | | | **जम्मा** | **६८०००** |

तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| असुल गर्नुपर्ने | ६८,००० |
|---|---|

३६ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **आय ठेक्कामा मुअकर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले दहत्तर बहत्तर आय ठेक्का नलागेका कारण नगर प्रहरी परिचालन गरी रु.२५७८५७ कर संकलन गरेकोमा मूल्य अभिवृद्धि कर असुल नगरेकोले छुट मुअकर रु.२९६६५ गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | २९,६६५ |
|---|---|

३८ **राजश्व बाँडफाँड -** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम रु.२४,८८,०३७.०० संकलन गरेकोमा राजश्व बाँडफाँड गरी कोशी प्रदेशलाई रु.९,९५,२१४.८० गरेको छ ।पालिकाले यसप्रकारको राजस्व संकलनका लागि ठेक्का व्यवस्थापन नगरी अमानतबाट राजस्व संकलन गरेको छ । आय ठेक्का व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय मूल्यांकन गरेपश्चात ३ पटक सम्म सूचना प्रकाशन गर्दासमेत ठेक्का लाग्न नसकेको पालिकाले जनाएको छ ।

| शीर्षक | कुल संकलित रकम | संघ/प्रदेश/पालिकाको संचित कोषमा दाखिला | | | |
|---|---|---|---|---|---|
| | | कोशी प्रदेश | नेपाल सरकार | कटारी नगरपालिका | जम्मा |
| ३३३४२ मनोरञ्जन कर | ६,७६,०८०.०० | २,७०,४३२.०० | ०.०० | ४,०५,६४८.०० | ६,७६,०८०.०० |
| ३३३४३ विज्ञापन कर | २,५४,१००.०० | १,०१,६४०.०० | ०.०० | १,५२,४६०.०० | २,५४,१००.०० |
| ३३३६६ दहत्तर बहत्तर शुल्क | १५,५७,८५७.०० | ६,२३,१४२.८० | ०.०० | ९,३४,७१४.२० | १५,५७,८५७.०० |
| **जम्मा** | **२४,८८,०३७.००** | **९,९५,२१४.८०** | **०.००** | **१४,९२,८२२.२०** | **२४,८८,०३७.००** |

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **त्रिवेणी मेलामा आय छुट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आय ठेक्कामा छुटको प्रावधान उल्लेख नभएको, बोलपत्र सम्वन्धी शुरु कागजात तथा बोलपत्र आह्वानको सूचनामा छुट सम्वन्धी प्रावधान समावेश

नभएको तथा शूरु सम्झौतामा यस सम्वन्धमा व्यवस्था रहेको छैन । पालिकाले वार्षिक रुपमा लाग्ने मेला अन्तर्गत मिति २०७९९।२८ मा त्रिवेणी मेलाका लागि सयपत्री ईन्टरटेन्टमेन्ट दमक-५ झापासँग रु.७५१२०० मा सम्झौता गरेकोमा तत्पश्चात मिति २०७९।१०।४ को निर्णयबाट १० प्रतिशत छुट दिने निर्णय गरी कम आय संकलन गरेको छ । यसबाट पालिकाले रु.७५१२० मा लाग्ने मु.अ.कर रु.९७६६ समेत जम्मा रु.८४८८६ छुट दिएका कारण न्यन कर संकलन भएको नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | ८४,८८६ |
|---|---|

४० **ढुङ्गा गिट्टी -** पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न घाटहरुको ढुङ्गा गिट्टी संकलन ठेक्काको लागि सुचना आह्वान भएकोमा आय ठेक्का लागेको छैन । ढुङ्गा गिट्टी संकलन तथा विक्रीबाट IEE प्रतिवेदन अनुसार पालिकाले बार्षिक रु.२९०३७२४२ राजस्व संकलन गर्न सक्ने क्षमता भएकोमा ढुङ्गा गिट्टी संकलन ठेक्काको सुचनामा जम्मा रु.९६७३३१९ बराबरको सुचना प्रकाशन गरेको छ । यसरी सुचना प्रकाशन गरी आय ठेक्का नलाग्दा पालिकालाई रु.९६७३३१९ बराबरको राजस्व कम असुल भएको छ । ढुङ्गा गिट्टी ठेक्का नलगाई पालिका अधिकार क्षेत्रभिबाट अमानतबाट ढुङ्गा गिट्टी विक्री गरी राजस्व आम्दानी गरेको देखिन्छ । यसरी ठेक्का नलगाई अमानबाट राजस्व संकलन गर्ने परिपाटीमा सुधार गरी राजस्व संकलन प्रभावकारी बनाउनुपर्दछ ।

| खोलाको नाम | उत्खनन् क्षेत्र | ठेक्का सुचनामा परिमाण घ. मि | बार्षविक क्षमता | दर प्रति घ. मि . | बार्षिक राजस्व क्षमता | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| बग्रे खोला प्याकेज नं. १ | वडा नं. ७ बग्रे तावाखोला | १०६०० | २९११३ | २११.६७ | ६१६२३४९ | २२४३७०२ |
| तावा खोला प्याकेज नं. २ | वडा नं. ३ र ५ भएर बग्रे तावाखोला | १२००० | २९५६३.९ | २११.६७ | ६२५७७९१ | २५४००४० |
| तावा खोला र कमला खोला प्याकेज नं. ३ | वडा नं. २ भएर बग्रे तावाखोला र कमला खोला | १०५०० | ५०९२५.४ | २११.६७ | १०७७९३७९ | २२२२५३५ |
| वेलसोत खोला कमला खोला प्याकेज नं ४ | बेलसोता खोला कमला खोला तिम्रही सिनेरी | १२६०० | २७५७९.३६ | २११.६७ | ५८३७७२३ | २६६७०४२ |
| **जम्मा** | | | | | २९०३७२४२ | ९६७३३१९ |

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १४ वडाले रु ६०२४४१५।५० राजस्व असुली गरेकोमा शिर्षकगत र वडागत राजस्वको अभिलेख राखेको छैन । पालिकाले नगदी रसिद छपाई गरी वडा कार्यालयमार्फत राजस्व संकलन गरेकोमा स्वचालित प्रणालीमार्फत रसिद काट्ने र राजस्व दाखिला गर्ने नगरेको कारण उक्त असुलीको वास्तविकता र लेखांकनबारे आश्वस्त हुन सकिएन । राजस्व असुलीलाई वडातहमा समेत विश्वसनिय बनाउन राजस्व असुली र दाखिला व्यवस्थित एवं प्रविधिमैत्री बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क स | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | १४०००००. | ६१७१४१.८९ |
| २ | भुमिकर/मालपोत | १०००००. | २१८३०००.८८ |
| ३ | वहाल कर | २००००००. | ३०२७४७९.७६ |
| ४ | अन्य सेवा शुल्क तथा बिक्री | ४५५००००. | ७३७९५००.२६ |
| ५ | परीक्षा शुल्क | १०००००. | ७४६००. |
| ६ | नक्सापास दस्तुर | ९०००००. | ८६५७९९. |
| ७ | सिफारिश दस्तुर | २६५००००. | २७२०६१३.०७ |
| ८ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६०००००. | ८४०४६०. |
| ९ | नाता प्रमाणित दस्तुर | २०००००. | १८४१४०. |
| १० | अन्य दस्तुर | ६०००००. | १६३२७०४. |
| ११ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ६२४५६२. |
| १२ | न्यायिक दण्ड जरिवाना र जफत | ५००००. | २५३५०. |
| १३ | धरौटी सदरस्याहा | ०.०० | २२५८७७. |
| १४ | व्यवसाय कर | १५०००००. | ११०७२७५. |
| १५ | बेरूजू | ०.०० | १०६१६०. |
| **जम्मा** | | **७९४०२९२४५.** | **२१६१४६६२.८६** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| ५२९९०४५७८।६४ | १४६५०००० | २१६१४६६२.८६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.०८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत सुचिकृत १५१६ बेरोजगारलाई १३ वडामा १९ योजना सञ्चालन गरी यस वर्ष १४१ जनालाई औसत ९१.५ दिनले रोजगारी उपलव्ध गराई रु.७३९७९६५ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **नाला व्यवस्थापन -** कटारी नगरपालिकाले गत विगत वर्षदेखी बजार क्षेत्र तथा वडामा नाली व्यवस्थापनका लागि ढक्कन तथा अन्य कार्य सञ्चालन गर्ने गरी उपभोक्ता समूहमार्फत कार्य गर्ने गरेको छ । पालिकाले चालु २०८०।८१ मा समेत विभिन्न टुक्रामा नाला व्यवस्थापनमा बजेट विनियोजन गरेको, लेखापरीक्षण वर्षमा समेत नाला व्यवस्थापन, सरसफाई, ल्याण्डफिल साईट व्यवस्थापन, मर्मत सम्भार सुधार लगायतसँग जोडिएका निम्नानुसारका योजनामा खर्च गरेको छ ।

| क स | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | कान्छि बजार तथा चिल्ड्रेन पार्क अगाडी नाला व्यवस्थापनआयोजना | २४०००००. | २१४१६२०. |
| २ | च्याङ्गा सडक मर्मत तथा नाला निर्माण | ५०००००. | २८६५४७. |
| ३ | सरसफाई फोहोर मैला तथा नाला सरसफाई | ३००००००. | २३३१५४३. |
| ४ | नाला तथा ठेंगा खहरे नियन्त्रण | १५००००. | ०.०० |
| ५ | अम्टाही ताराघारी सडक नाला र ग्राभेल | ३०००००. | ३०००००. |
| ६ | राजु कार्कीको घर देखि सडक ग्राभेल तथा नाला शान्ती मोक्तानकोघरबाट सडक ग्राभेल | २२५०००. | २१४३०४. |
| ७ | विच नाला सरसफाई तथा स्ल्याप निर्माण र माथिल्लो लाईन गोपाल राईकोघरबाट मुल सडक निस्कने नाला निर्माण | ४५००००. | ४४२०००. |
| ८ | सिद्धिचरण राजमार्ग देवीधाप तावाखोला सडक स्तर उन्नती नाला निर्माणआयोजना | ३०००००. | २६०६२६. |

| | | | |
|---|---|---|---|
| ९ | हिमाली टोलको ठाडो बाटो नाला स्ल्याप ढलान र गोमा म्याडम र कमलाकोघर विचको ठाडो बाटो ढलान | ३५००००. | ३२६४५५. |
| १० | नाला ढकन ह्युम पाई निर्माण | १०००००. | ९३२६३. |
| ११ | ल्याण्ड फिल्ड साईड तथा ढल नाला व्यवस्थापन | १८०००००. | १०९२०१०. |
| **जम्मा** | | **९५७५०००.** | **७४८८३६८.** |

फोहोरमैला व्यवस्थापन तथा स्वस्थ वातावरणका लागि पालिकाले एकै प्रकृतिका कार्यलाई दिर्घकालिन योजना बमोजिम व्यवस्थित तवरले सञ्चालन गरी सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने व्यवस्था गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.५३७४३७५७ पालिकाका कर्मचारीको रु.२६२७७३२३ समेत रु.८००२१०८० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **डोर हाजिरी -** नगरपालिकाले करार सेवामा गरेका कर्मचारीहरुको लागि गरेको खर्चका अतिरिक्त विभिन्न व्यक्तिहरुलाई डोर हाजिरमा काम गरेको भनी यो बर्ष रु.४११३६४९ खर्च गरेको देखिन्छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण को माध्यमबाट बास्तविक आवश्यक दरबन्दी एकिन नगरी पटके निर्णयद्धारा व्यक्तिहरुलाई डोर हाजिरमा राखी तलब खर्च लेखेको उचित देखिएन । यसरी दरबन्दी एकिन नगरी र बास्तविक कार्य मूल्यकाकंन द्वारा पद सिर्जना नगरी डोर हाजिरमा राखि पारिश्रमिक खर्च लेखिएका कर्मचारीहरुबाट भएको कार्य सम्पादन सम्बन्धमा आश्वस्त हुन सकिएन । डोर हाजिरमा तलब भुक्तानी भएका व्यक्तिहरुबाट बास्तवमा कार्य सम्पादन भए नभएको एकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८ **सेवा तथा परामर्श खर्च -** आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा तथा परामर्श भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गरी मात्र खर्च भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.६१।२०७९।६।११ बाट कानुन सेवा लिए वापत राज कुमार तिम्सिनालाई रु.२५००० भुक्तानी गरी रु.२५००० पेश्की फर्यौट गरेकोमा सेवा तथा परामर्शमा ऐनको प्रावधान अनुसार लाग्ने पारिश्रमिक कर रु.७५०० कट्टा नगरी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५०० |

४९ **स्वकीय सचिवको पारिश्रमिक -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) अनुसार उपदफा १ बमोजिमको अतिरिक्त महानगरपालिका र उपमहानगरपालिको प्रमुख र उपप्रमुखले कार्यालय प्रयोजनको लागि एक/एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने छ र नगरपालिका/नगरपालिका हकमा प्रमुख / अध्यक्षले र उपप्रमुख / उपाध्यक्षले नगर/नगरपालिकाको राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यापालिकाको निर्णय बमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्नेछ । पालिकाले यस बर्ष स्वकीय सचिव २ जना नियुक्ती गरी तलव भत्ता भुक्तानी खर्च रु.१०३९४४७ गरेकोमा ऐनमा भएको व्यवस्थाको प्रावधान बिपरित थप १ जनाको पारिश्रमिक रु.४६१४९० खर्च लेखेको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ४,६१,४९० |

५० **अमानतबाट कार्य -** सार्वजनिक खरिद ऐन तथा नियमावलीले खरिद बिधिमा खुल्ला प्रतिस्पर्धाद्धारा उपभोक्ता समिति मार्फत, अमानतबाट निर्माण कार्य, गैर सरकारी संस्था मार्फत कार्य गराउन सक्ने प्रावधान छ । यसै ऐनको दफा ४५ मा सामान्य प्रकृतिको मर्मत संभार कार्य अमानतबाट गराउन सकिने र यसै नियमावली २०६४ को नियम ९८ अनुसार अमानत बाट कार्य गराउँदा १ तह माथि अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने, अमानतबाट कार्य गराउन निर्माण सामाग्री ऐन नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनु पर्ने उल्लेख छ । नगरपालिकाले सामान्य प्रकृतिको मर्मत संभार कार्य ब्यक्तिलाई कार्यदिश दिई गरेको र एक तह माथिको स्वीकृति नलिई, मर्मत संभारमा लाग्ने मालसामान समेत स्वयम् ब्यक्तिले खरिद गर्ने गरी कायदिश दिएकोले ऐन नियमको प्रावधान पालना भएको छैन । ऐन नियमका प्रावधानको पालना सहित यसप्रकारको कार्यप्रक्रियामा सुधार गर्नुपर्दछ ।

| गो. भौ . नं ./ मिति | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ४६५।२०७९।११।१७ | रिगु कुमारी श्रेष्ठ | वडा कार्यालय व्यवस्थापन वडा कार्यालय विद्युत जडान कट्टारी १३ | ९९९९७ |
| ८२७।२०८०।२।३२ | हरि बहादुर खत्री | वडा नं ११ भरी सडक मर्मत तथा निर्माण आयोजना | १००००० |
| १०४१।२०८०।३।२१ | भरत कुमार थापा | खोप केन्द्र सामाग्री खरिद तथा रंगरोगन | ९२८२५ |
| १०४२।२०८०।३।२२ | राजेन्द्र बहादुर सिंह | वडा कार्यालय व्यवस्थापन | ९५००० |
| २७३।२०८०।२।१५ | बचनदेव कुमार | वडा कार्यालयको मुल गेट निर्माण | ५०००० |
| ४१७।२०८०।३।२४ | नेत्र कुमार पौडेल | विद्युत विस्तार कार्य | १००००० |
| ४२४।२०८०।३।२६ | रामचन्द्र ओझा | वडा कार्यालय भवन मर्मत | ९५००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **फरक नर्म्सको प्रयोग -** पालिकाले सडक निर्माण कार्य PCC M१५ कार्य वापत विभिन्न उपभोक्ता समितिहरुलाई रकम भुक्तानी गर्दा सडकको दर विश्लेषण अनुसार रु.८७८९.४५ हुनुपर्नेमा DUDBC को दररेट रु.११४९४.७९ राखी रु.२७१३.३४ का दरले बढी भुक्तानी गर्दा पालिकालाई थप रु.२०२८३० व्ययभार परेकोले उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु.

| भौ. नं . | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | DUDBC को दररेट | DOR को दर विश्लेषण अनुसार दर | बढी दर | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १३६ | नाला सरसफाई नाला स्ल्याब निर्माण उ. स . | नाला सरसफाई नाला स्ल्याब निर्माण | २२.७५ | ११४९४.७९ | ८७८१.४५ | २७१३.३४ | ६१७२८ |
| २४३ | राजु कार्कीको घर देखि सडक ग्राभेल तथा नाला शान्ति मोक्तानको घरबाट सडक ग्राभेल उ. स . | राजु कार्कीको घर देखि सडक ग्राभेल तथा नाला शान्ति मोक्तानको घरबाट सडक ग्राभेल | ९.३३ | ११४९४.७९ | ८७८१.४५ | २७१३.३४ | २५३१५ |
| ३३९ | बजार क्षेत्र नाला स्ल्याव निर्माण तथा सडक स्तरउन्नती उ. स . | बजार क्षेत्र नाला स्ल्याव निर्माण तथा सडक स्तरउन्नती | २८.५६ | ११४९४.७९ | ८७८१.४५ | २७१३.३४ | ७७४९३ |
| १०२ | सिद्धिचरण राजमार्ग देखि देवि भाम तावाखोला सडक स्तरउन्नती नाला निर्माण उ. स . | सिद्धिचरण राजमार्ग देखि देवि भाम तावाखोला सडक स्तरउन्नती नाला निर्माण | १४.१५ | ११४९४.७९ | ८७८१.४५ | २७१३.३४ | ३८३९४ |
| **जम्मा** | | | | | | | **२०२८३०** |

| अनियमित भएको | २,०२,८३० |
|---|---|

५२ **गैर सरकारी संस्था मार्फत कार्य -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ (१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समायवधी, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुरुप क्रियाकलापगत लागत अनुमान तयार नगरी वजेटलाई आधार बनाई कोटेशन माग गरी खर्च लेखेको छ । यसरी एकमुष्ठ बजेटको आधारमा कोटेशन माग गरी खरिद गर्नु उचित देखिएन । कानूनले तोकेको प्रक्रिया पालना गरी खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| भौ. नं . | भुक्तानी पाउनेको नाम | विवरण | खर्च रकम |
|---|---|---|---|
| ४१२ | जाल्पा जनसेवा युवा समुह | खेलकुद कार्यक्रम संचालन | १००००० |
| ४८५ | साथी सहुक उदयपुर | खेलकुद संचालन | १००००० |
| ५०० | नगर खेलकुद बिकास समिति | खेलकुद संचालन | ५०००० |
| ५११ | नगर खेलकुद बिकास समिति | खेलकुद संचालन | ७००००० |
| ५४० | सुर्यदय युवा समहु | खेलकुद सम्बन्धी कार्यक्रम | १००००० |
| ६११ | युवा तथा सहकारी महिला संजाल संचालन समिति | नारी दिवसको अवसरमा वडा भरीको सम्पुरण महिलाहरु भेला गराई जेष्ठ नागरिकलाई सम्मान | २००००० |
| ६२४ | होटल रुद्रक्ष प्रा. लि . | न्यायिक समिति सम्बन्धी कार्यक्रम | ३६२००० |

| | | | |
|---|---|---|---|
| ६७७ | राष्ट्रिय थामी अध्ययन प्रतिष्ठान कार्यक्रम | जनतासँग मेयर कार्यक्रमथामी भाषा बर्ण महिचान र लेखानशैली सम्बन्धि पुस्तक तयारी वापत खर्च | ५०००० |
| ६८० | सलेश युवा समुहत्र | खुल्ला नकआउट फुतवल प्रतियोगिता कार्यक्ररम | ५०००० |
| ७०२ | नेपाल आदीवासी जनजाती महासंघ | लोक सेवा तयारी कक्षा संचालन जनजाती दलित विपन्न घर परिवार | ५००००० |
| ७२३ | उदयपुर कृषि सहकारी संस्था लि | अचार बनाउने तालिम | १५०००० |
| ७३८ | उदयपुर कृषि सहकारी संस्था | विपन्न महिलाहरुलाई सिप मुलक तालिम अचार बनाउने तालिम | १००००० |
| ८८२ | महाभारत सामुदायिक विकास समाज नेपाल | व्यवसायीक अकवरे तथा फुलफुल खेत कार्यक्रम | २५०००० |
| ८८३ | महाभारत सामुदायिक विकास समाज नेपाल | व्यवसायिक तरकारी तथा फलफुल खेती | २५०००० |
| १०१३ | गडीमाई स्टार मिडिया प्रा. लि . | महिला सवार र कानुन कार्यान्वयन विषय तालिम | ७५००० |
| १०२५ | गढीमाई स्टार मिडिया प्रा. लि | आत्महत्या र तनाव व्यवस्थापन | १००००० |
| **जम्मा** | | | **३१३७०००** |

सैद्धान्तिक बेरुजु

५३ **अग्रिम कर -** अग्रिम करः आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी रकममा अग्रिम कर १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा निम्नानुसारका संस्थाहरुले कर बिजक जारी पनि नगरेको र कर छुट प्राप्त संस्थाको प्रमाण पनि पेश नभएकोमा समेत कर कट्टा गरेको नदेखिएकोले कर असुल गरी दाखिला हुनुपर्ने रु

| गौश्वरा भौचर | भुक्तानी पाउनेको नाम | बापत | रकम | कर कट्टा रकम | अपुग कर रकम |
|---|---|---|---|---|---|
| ४१२ | जाल्पा जनसेवा युवा समुह | खेलकुद कार्यक्रम संचालन | १००००० | १५७६ | १३४२४ |
| ६११ | युवा तथा महिला सहकारी सन्जाल संचालन समिति | नारी दिवसको अवसरमा वडा भरीको सम्पुरण महिलाहरु भेला गराई जेष्ठ नागरिकलाई सम्मान | २००००० | ३७१० | २६२९० |
| ७०२ | नेपाल आदीवासी जनजाती महासंघ | लोक सेवा तयारी कक्षा संचालन जनजाती दलित विपन्न घर परिवार | ५००००० | ४८१२८ | २६६७२ |
| ७२३ | उदयपुर कृषि सहकारी संस्था लि | अचार बनाउने तालिम | १५०००० | ४३६० | १८१४० |
| ७३८ | उदयपुर कृषि सहकारी संस्था | विपन्न महिलाहरुलाई सिप मुलक तालिम अचार बनाउने तालिम | १००००० | १७५० | १३२५० |
| ८८२ | महाभारत सामुदायिक विकास समाज नेपाल | व्यवसायीक अकवरे तथा फुलफुल खेत कार्यक्रम | २५०००० | ७००६ | ३०४९४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८८३ | महाभारत सामुदायिक विकास समाज नेपाल | व्यवसायिक तरकारी तथा फलफुल खेती | २५०००० | ७२२५ | ३०२७५ |
| १०१३ | गडीमाई स्टार मिडिया प्रा. लि . | महिला सवार र कानुन कार्यान्वयन विषय तालिम | ७५००० | ४८२४ | ६४२६ |
| १०२५ | गढीमाई स्टार मिडिया प्रा. लि | आत्महत्या र तनाव व्यवस्थापन | १००००० | ५१४९ | ९८५१ |
| **जम्मा** | | | | | **१७४८२२** |

| असुल गर्नुपर्ने | १,७४,८२२ |
|---|---|

५४ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरण अनुसुचीमा समावेश गरिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५५ **जिल्ला दररेट भन्दा बढी भुक्तानी -** उदयपुर जिल्ला आर्थिक बर्ष २०७९।८० को जिल्ला दररेट अनुसार रिभरवेट ग्राभेलको दर प्रति घनमिटर रु.५५० रहेकोमा पालिकाले सडक निर्माण तथा मर्मत कार्यमा ग्राभेलको कार्य गर्दा दिल्ला दररेटको भन्दा रु.५० बढी कायम गरी योजनाको भुक्तानी गरेको छ । यसरी जिल्ला दररेट भन्दा बढी भुक्तानी भएको रकम रु.१९१०४४ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **भौ. नं .** | **भुक्तानी पाउनेको नाम** | **कार्य विवरण** | **परिमाण** | **जिल्ला दररेट** | **भुक्तानी दररेट** | **बढी दर** | **बणी रकम** |
|---|---|---|---|---|---|---|---|
| ५८ | सडक निर्माण तथा मर्मत उ. स. | सडक निर्माण तथा मर्मत | १८० | ५५० | ६०० | ५० | ९००० |
| ३९० | सिसाघारी खैंरेनी तिनतले सडक सुधार उ. स. | सिसाघारी खैंरेनी तिनतले सडक सुधार | ७८७.५ | ५५० | ७५० | २०० | १५७५०० |
| ४१८ | सडक निर्माण तथा मर्मत संभार उ. स . | सडक निर्माण तथा मर्मत संभार | ४९०.८८ | ५५० | ६०० | ५० | २४५४४ |
| **जम्मा** | | | | | | | **१९१०४४** |

| असुल गर्नुपर्ने | १,९१,०४४ |
|---|---|

५६ **जिल्ला दररेट भन्दा बढी भुक्तानी -** उदयपुर जिल्ला आर्थिक बर्ष २०७९।८० को जिल्ला दररेट अनुसार Clay माटोको दर प्रति घनमिटर रु.४८० रहेकोमा पालिकाले सडक निर्माण तथा मर्मत कार्यमा Clay माटोको कार्य गर्दा दिल्ला दररेटको भन्दा रु.२० बढी कायम गरी योजनाको भुक्तानी गरेको छ । यसरी जिल्ला दररेट भन्दा बढी भुक्तानी भएको रकम रु.१९२४६ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौ. नं. | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | जिल्ला दररेट | भुक्तानी दररेट | बढी दर | बणी रकम |
|---|---|---|---|---|---|---|---|
| ५८ | सडक निर्माण तथा मर्मत उ. स . | सडक निर्माण तथा मर्मत | ४२५ | ४८० | ५०० | २० | ८५०० |
| ४१८ | सडक निर्माण तथा मर्मत संभार उ. स . | सडक निर्माण तथा मर्मत संभार | ५३७.२८ | ४८० | ५०० | २० | १०७४६ |
| जम्मा | | | | | | | १९२४६ |
| | | | | | | असुल गर्नुपर्ने | १९,२४६ |

५७ **बढी भुक्तानी -** पालिकाले Providing and laying mechanical woven Gabion boxes कार्यको लागि निम्न उपभोक्ता समितिहरुलाई रकम भुक्तानी गर्दा कार्यालयले तयार गरेको दर विश्लेषण रु.४२८७.७४ मा बढी रु.६९६.१८ जोडी रु. ४९८३.९२ का दरले भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम रु.४१०७४ प्राविधिक पुष्ट्याई सहित असुल गर्नुपर्ने रु

| भौ.नं. | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | दर विश्लेषण | भुक्तानी भएको दर | बढी दर | बणी रकम |
|---|---|---|---|---|---|---|---|
| १४९ | बस्नेत टोल खहरे खोला नियन्त्रण हडैया उ.स. | बस्नेत टोल खहरे खोला नियन्त्रण हडैया | ३३ | ४२८७.७४ | ४९८३.९२ | ६९६.१८ | २२९७४ |
| २४२ | राजावास तर्फ सुगाजोर खहरे नियन्त्रण उ.स. | राजावास तर्फ सुगाजोर खहरे नियन्त्रण | २६ | ४२८७.७४ | ४९८३.९२ | ६९६.१८ | १८१०० |
| जम्मा | | | | | | | ४१०७४ |
| | | | | | | असुल गर्नुपर्ने | ४१,०७४ |

५८ **फर्म वर्क -** पालिकाले सडक सम्बन्धी कार्य गर्नका लागि तयार गरेको दर विश्लेषणको Plain/Reinforced Cement Concrete works को PCC Grade M१५ऽ PCC Grade M२० / PCC Grade M२५ मा Form Work दर विश्लेषणको अवस्थामा नै समावेश गरी दर विश्लेषण गरेको अवस्थामा पुन Form Work भनी निम्नानुसारको उपभोक्ता समितिहरुलाई भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको रकम रु.६४२२१ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौ. नं. | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| ७९२ | खुलाल डाँडा झोलुङ्गे पुल तथा खोल्सासिमा कल्भर्ट निर्माण उ. स . | खुलाल डाँडा झोलुङ्गे पुल तथा खोल्सासिमा कल्भर्ट निर्माण | २१.२ | ४३६.७९ | ९२६० |
| १३६ | नाला सरसफाई नाला स्ल्याब निर्माण उ.स . | नाला सरसफाई नाला स्ल्याब निर्माण | १९.२ | ५८९.०५ | ११३१० |

| | | | | | |
|---|---|---|---|---|---|
| २४३ | राजु कार्कीको घर देखि सडक ग्राभेल तथा नाला शान्ति मोक्तानको घरबाट सडक ग्राभेल उ. स . | राजु कार्कीको घर देखि सडक ग्राभेल तथा नाला शान्ति मोक्तानको घरबाट सडक ग्राभेल | ३१.६८ | ५८९.०५ | १८६६१ |
| ३३९ | बजार क्षेत्र नाला स्ल्याव निर्माण तथा सडक स्तरउन्नती उ. स . | बजार क्षेत्र नाला स्ल्याव निर्माण तथा सडक स्तरउन्नती | ४२.४२ | ५८९.०५ | २४९९० |
| **जम्मा** | | | | | ६४२२१ |
| | | | | असुल गर्नुपर्ने | ६४,२२१ |

५९ **साइट क्लियरेन्स कार्य** - पालिकाले सडक निर्माण तथा मर्मत सम्बन्धी कार्यको लागि Site Clearance Items बो रु.१६.३५ दर विश्लेषण गरेको छ । सोही कार्यको लागि केही योजनामा DOLI को दररेट रु.२७.६० कायम गरी भुक्तानी गरेको छ । एकै प्रकृतिको काममा फरक फरक नर्म्सको प्रयोग गरी भुक्तानी गर्दा पालिकालाई निम्नुसारको योजनाबाट रु.१५१०९८८ आर्थिक व्ययभार पर्न गएको छ । पालिकाका योजना सञ्चालन र व्यवस्थापनमा एकरुपता कायम गर्न फरक फरक नर्म्सको प्रयोग नगरी एउटै नर्म्स र दर कायम गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| भौ. नं . | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | DOLI को दररेट | DOR को दर विश्लेषण अनुसार दर | बढी दर | बणी रकम |
|---|---|---|---|---|---|---|---|
| ९८ | वडा नं. १४ वडा स्तरीय सडक मर्मत आयोजना उ.स . | Site Clearance | ४६५९० | २७.६ | १६.३५ | ११.२५ | ५२४१३८ |
| ५८ | सडक निर्माण तथा मर्मत संभार | Site Clearance | ९६०० | २७.६ | १६.३५ | ११.२५ | १०८००० |
| ६३ | सम्पुर्ण सडक मर्मत योजना उ. स . | Site Clearance | ६८२२० | २७.६ | १६.३५ | ११.२५ | ७६७४७५ |
| ४१८ | सडक निर्माण तथा मर्मत संभार उ. स . | Site Clearance | ९९०० | २७.६ | १६.३५ | ११.२५ | १११३७५ |
| **जम्मा** | | | | | | | **१५१०९८८** |
| | | | | | | | सैद्धान्तिक बेरुजु |

६० **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ९२. २०७९।१०।१८ | विद्युत विस्तार कटारी १३ उ स | विद्युत विस्तार कटारी १३ | १७५४३७ |
| १९३।२०७९।१२।२७ | विद्युत एल्टी लाइट विस्तार उ. स . | विद्युत विस्तार कार्य | ४९७०२१ |

| | | | |
|---|---|---|---|
| ३३७।२०८०।१।२१ | विद्युत एल्टी लाइट विस्तार उ. स . | विद्युत विस्तार कार्य | २००००० |
| ४२०।२०८०।३।२४ | सिचाई तथा खानेपानी उ.स. १२ | सिचाई तथा खानेपानी | १९३१४० |
| २९५।२०८०।२।१९ | विद्युत एल्टी विस्तार साझेदारी कटारी ११ उ. स . | विद्युत एल्टी विस्तार साझेदारी कटारी ११ | १९८२६५ |
| ३०४।२०८०।२।३२ | पम्पिङ्ग सिचाई साझेदारी कार्यक्रम उ. स . | पम्पिङ्ग सिचाई साझेदारी कार्यक्रम | १८३४६५ |
| १९६।२०७९।१२।२७ | विद्युत एल्टी लाइन विस्तार कटारी ५ | विद्युत विस्तार कार्य | ४९७०२१ |
| **जम्मा** | | | **१९४४३४९** |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **उपभोक्ता समितिलाई मुल्य अभिबृद्धि कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १३ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | लागत अनुमान ओभरहेड समेत | सम्झौता रकम ओभरहेड समेत | भुक्तानी रकम | भुक्तानी मध्ये मु अ कर रकम |
|---|---|---|---|---|---|
| ९२. २०७९।१०।१८ | विद्युत विस्तार कटारी १३ उ स | २०५९२७.३४ | २०५९२७ | १७५४३७ | २३६५९ |
| ७९३।२०८०।२।१७ | साजबोटे सिम्ले सडक स्तरउन्नती उ. स . कटारी १२ | २७४९९३ | २७४९९३ | २४७१८२ | ३१६३६ |
| **जम्मा** | | | | | **५५२९५** |

| असुल गर्नुपर्ने | ५५,२९५ |
|---|---|

६२ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **इट्टाको कार्य -** पालिकाले माध्यमिक विद्यालय मयांखुलाई ट्रस निर्माण कार्य वापत Brick work Items को DOLI को दररेट रु.१४४०७ राखी भुक्तानी गरेकोमा भवनको कार्य गर्दा DUDBC दर विश्लेषण अनुसार दर रु.१३९७८.०७ गर्नुपर्नेमा फरक नर्म्सको प्रयोग गरी प्रति घनमिटर रु.४२८.९३ का दरले बढी भुक्तानी भई थप व्ययभार पर्न गएको नियम सम्मत नदेखिएको रु.

| भौ.नं. | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | DOLI को दररेट | DUDBC दर विश्लेषण अनुसार दर | बढी दर | बणी रकम |
|---|---|---|---|---|---|---|---|
| ७९१ | माध्यमिक विद्यालय मयांखु | ट्रस निर्माण कार्य | २४.६७ | १४४०७ | १३९७८.०७ | ४२८.९३ | १०५८२ |
| | | | | | | असुल गर्नुपर्ने | १०,५८२ |

६४ **प्लाष्टर कार्य -** पालिकाले माध्यमिक विद्यालय मयांखुलाई ट्रस निर्माण कार्य वापत Plaster work Items को DOLI को दररेट रु.३४७ राखी भुक्तानी गरेकोमा भवनको कार्य गर्दा DUDBC दर विश्लेषण अनुसार दर रु.३०९.६० गर्नुपर्नेमा फरक नर्म्सको प्रयोग गरी प्रति घनमिटर रु.३७.४ का दरले बढी भुक्तानी भई थप व्ययभार पर्न गरेको नियम सम्मत नदेखिएको रु.

| भौ. नं . | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | DOLI को दररेट | DUDBC दर विश्लेषण अनुसार दर | बढी दर | बणी रकम |
|---|---|---|---|---|---|---|---|
| ७९१ | माध्यमिक विद्यालय मयांखु | ट्रस निर्माण कार्य | २५५.९५ | ३४७ | ३०९.६ | ३७.४ | ९५७३ |
| | | | | | | असुल गर्नुपर्ने | ९,५७३ |

६५ **मर्मत तथा शौचालय निर्माण**

✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२१ को निर्णयबाट रु. **८६,८६७.२**।- सम्परीक्षण गरिएको ।)

६६ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.१४,९६,२९१ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **इन्धनको लगबुक -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन २०७५ को दफा ३९ अनुसार खर्चको बील भर्पाई सहितको लेखा राख्नु पर्दछ । पालिकाले इन्धन कार्यालय प्रयोजन मा रु.**५०४५८७८** खरिद गरेवापत आयल स्टोरलाई भुक्तानी गरेको छ । कति वटा सवारी साधन चालु अवस्थामा रहेको हो र कुन कुन सवारी साधनमा उक्त ईन्धन प्रयोग भएको हो यकिन विवरण लेखापरीक्षणमा पेश नभएको र प्रत्येक सवारी साधनको लागी बेग्लाबेग्लै (म.ले.प.फा.नं. ९०५) बमोजिमको सवारी साधनको लगबुक राख्नुपर्ने र सबै महल भर्नु पर्नेमा पालिकाले सवारी लगबुक लुज सिटमा राखेको छ । जसले गर्दा सवारी साधानको इन्धन खपत र गुडेको किलोमिटर बिष्लेषण गर्न सकिएन । साथै इन्धन खर्च लेख्दा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार इन्धन खर्च पाउने मापदण्ड अनुकुल हुने गरी सभाबाट मापदण्ड बनाई सोही अनुसार खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समुह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले रकम उपलब्ध गराएको छ । यस्ता संस्था, समुह, पर्व, जात्रा, संस्कृति लगायतमा रकम दिन सक्ने कानुनी व्यवस्था रहेको नदेखिएकोले यसप्रकारका खर्चमा नियन्त्रण हुनुपर्ने देखिएको रु

| गो.भौ .नं. | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ४५३ | स्वार्गिक मार्ग संघ नेपाल | फर्निचर खरिद र वितरण | १००००० |
| ४५४ | युवा खेलकुद संचालन समिति | खेलकुद कार्यक्रम संचालन | १००००० |
| ६४९ | कमल बहादुर खत्री | खेलकुद सामान व्यवस्थापन तथा सामाग्री खरिद तथा वितरण | १००००० |
| ६६२ | वेद बिक्रम हमाल | खेलकुद कार्यक्रम तथा सामाग्री खरिद तथा वितरण | ३३०००० |
| ६९७ | श्री पन्चवती सप्यार्स एण्ड ट्रेडर्स | श्री पशुपति आ वि मझुवा लाई वितरण भएको मोटर पानी तान्ने र हिल टयाङ्की | ३४९९९ |
| ७६१ | पटनदेवी आ वि डुँडेवारी | कम्प्युटर खरिद तथा वितरण | ७४९९९ |
| ७८० | जय किसन सिड सेन्टर | प्लाष्टिक टनेल वितरण | २५०००० |
| ९०० | अजय श्रेष्ठ | झुल वितरण कार्यक्रम | १००००० |
| **जम्मा** | | | **१०८९९९८** |

| अनियमित भएको | १०,८९,९९८ |
|---|---|

६९ **सवारी साधन मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा सोको अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मतमा विभिन्न भौचरबाट रु.२७,८५,२०६.०० खर्च लेखेको छ । पालिकासँग यसरी मर्मत सम्भार भएका सवारी साधनको विवरण माग गरिएकोमा सो को विवरण लेखापरीक्षणमा पेश हुन सकेको छैन । नियमको पालना गरी खर्च अनुगमन तथा नियन्त्रण तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ

| सैद्धान्तिक बेरुजु |
|---|

७० **कार्यालय सम्बन्धि खर्च -** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट मसलन्द तथा कार्यालय सामाग्रीमा रु.१४१२७१७ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन

गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **शीर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशिर्षकमा विनियोजित रकम अपर्याप्त रहेको र उक्त कार्य नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा वाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च उपशिर्षकको मौज्दात रकमबाट खर्च गर्न सक्ने व्यवस्था छ । त्यस्तो खर्च भएको रकम नियम ४३ बमोजिम नियमित गराउने दायित्व खर्च गर्ने अधिकारीको हुने व्यवस्था रहेकोमा पालिकाले सरकारी हानी नोक्सानी नहुने र सरकारी काममा वाधा नपर्ने कामको समेत निम्नानुसार भुक्तानी गरेको उचित देखिएन । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | भुक्तानी हुनुपर्ने | भएको | रकम |
|---|---|---|---|---|
| ७०४ | बल्ले नारायण घाट बाँध जाली कुलो निर्माण उ . स . | बल्ले नारायण घाट बाँध जाली कुलो निर्माण उ . स . | सुत्केरी भेटघाट कार्यक्रम | १४९४९३ |
| ४६२ | अस्पतालको डाक्टरको पौष महिनाको तलव भुक्तानी । - | अस्पतालको डाक्टरको पौष महिनाको तलव भुक्तानी | कर्मचारी प्रोत्साहन तथा अन्य भत्ता | ६११५३ |
| ५९६ | कटारी अस्पतालको बाल रोग विशेषज्ञ डा. को माघ महिनाको तलव भुक्तानी । - | कटारी अस्पतालको बाल रोग विशेषज्ञ डा. को माघ महिनाको तलव भुक्तानी | कर्मचारी प्रोत्साहन तथा अन्य भत्ता | ५२४१७ |
| ६८१ | वालरोग डा. को फाल्गुण र चैत्र महिनाको तलव भुक्तानी । - | वालरोग डा. को फाल्गुण र चैत्र महिनाको तलव भुक्तानी | कर्मचारी प्रोत्साहन तथा अन्य भत्ता | १०४८३४ |
| ८५६ | कटारी अस्पतालको बाल रोग विशेषज्ञ डाक्टरको जेठ महिनाको तलव भुक्तानी । - | कटारी अस्पतालको बाल रोग विशेषज्ञ डाक्टरको जेठ महिनाको तलव भुक्तानी | कर्मचारी प्रोत्साहन तथा अन्य भत्ता | ५२४१७ |
| ८१९ | कटारी अस्पतालको बाल रोग विशेषज्ञ डा. को बैशाख महिनाको तलव भुक्तानी । - | कटारी अस्पतालको बाल रोग विशेषज्ञ डा. को बैशाख महिनाको तलव भुक्तानी | कर्मचारी प्रोत्साहन तथा अन्य भत्ता | ५२४१७ |
| १०६४ | असार महिनाको तलव भुक्तानी । - | असार महिनाको तलव भुक्तानी | कर्मचारी प्रोत्साहन तथा अन्य भत्ता | ३४९४० |
| **जम्मा** | | | | **५०७६७१** |

सैद्धान्तिक बेरुजु

७२ **दोहोरो सुविधा -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ उपदफा ३ को अनुसुची १(ख) अनुसार यातायात खर्च वापत वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई रु.४५०० मासिक सुविधा पाउने व्यवस्था छ । तर पालिकाले मासिक सुविधा यातायात वापत रु.४५०० भुक्तानी गरेको अवस्थामा पुन नगरकार्यपालिकाको आ.व.२०७९।८० को नगर कार्य पालिकाको कार्यालयको निर्णय

नं.२०(ज) अनुसार आ.व. २०७९।८० को लागि वडा अध्यक्षज्युहरुको प्रति मासिक २० लि पेट्रोल र कार्य पालिका सदस्यहरुकलाई प्रति महिना ७ लि पेट्रोल तथा वडा अध्यक्षहरुलाई सवारी साधन मर्मत खर्च वापत बार्षिक रु.२०००० दिने निर्णय अनुसार भुक्तानी भएको छ । यसरी सवारी साधन प्रयोग नगरेको अवस्थामा यातायात खर्च भुक्तानी लिएकोमा पुन कार्यपालिकाको निर्णयबाट मासिक सुविधा पारित गरी खर्च गर्नु ऐनको प्रावधान विपरित देखिन्छ । ऐनमा भएको व्यवस्था विपरित निर्णय गरी दोहोरो खर्च गरेको रकम असुल गर्नुपर्ने रु.

| पद | पदाधिकारीको नाम | यातायात खर्च | मर्मत खर्च | इन्धन खर्च | दोहोरो सुविधा रकम |
|---|---|---|---|---|---|
| वडा अध्यक्ष | पदम लाल मगर | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | प्रेम बहादुर क्षेत्री | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | पुस्कर खड्का | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | भूपेन्द्र सिंह तामाङ्ग | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | मोहन बहादुर तामाङ्ग | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | प्रेम बहादुर मगर | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | सुविन ढुङ्गाना | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | नविन्द्र कुमार तामाङ्ग | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | वेग बहादुर आले मगर | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | क्षेत्र बहादुर खड्का | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | अनन्त हायु | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | यम्बर बहादुर कटुवाल | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | शम्भु श्रेष्ठ | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| वडा अध्यक्ष | अम्बर बहादुर मगर | ५४००० | २०००० | २० लि पेट्रोल | ५४००० |
| का.प.स. | भगवती अधकारी | ३०००० | | ७ लि पेट्रोल | ३०००० |
| का.प.स. | देवी कुमारी घिमिरे | ३०००० | | ७ लि पेट्रोल | ३०००० |
| का.प.स. | सम्झना मुरी मगर | ३०००० | | ७ लि पेट्रोल | ३०००० |
| का.प.स. | गिता कुमारी गिरी | ३०००० | | ७ लि पेट्रोल | ३०००० |
| का.प.स. | मेतिना श्रेष्ठ | ३०००० | | ७ लि पेट्रोल | ३०००० |
| का.प.स. | हेम कुमारी विश्वकर्मा | ३०००० | | ७ लि पेट्रोल | ३०००० |
| का.प.स. | मन्जु कुमारी राई दनुवार | ३०००० | | ७ लि पेट्रोल | ३०००० |
| का.प.स. | जितेन्द्र बग्रईली | ३०००० | | ७ लि पेट्रोल | ३०००० |
| **जम्मा** | | **९९६०००** | **२८००००** | | **९९६०००** |

| असुल गर्नुपर्ने | ९,९६,००० |
|---|---|

७३ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१३८३९६२ दिएको पाईयो । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

| गो.भौ.नं. | भुक्तानी पाउने | वापत | रकम |
|---|---|---|---|
| ५० | पशुपति आ वि | तलव भत्ता भुक्तानी | १००००० |
| ३३६ | दिपेन्द्र आ वि | ४ जना शिक्षक तलव | ३००००० |
| २२१ | पशुपती आ वि | १ जना शिक्षक तलव | १००००० |
| २६८ | जनज्योति आ वि | १ जना शिक्षक तलव | २००००० |
| ११२ | सरस्वती मा वि | ल्यापटप, सिसि टिभी वितरण | ३००००० |
| १२१ | स्वार्गीक मार्ग संघ नेपाल | हेलिङ्ग विधि शिविर संचालन | ५०००० |
| ३५८ | जाको स्पोर्ट्स एण्ड म्युजिक | खेल सामाग्री खरिद तथा वितरण | १४९९६२ |
| ३५३ | बुध्दि बिलास भट्टराई | विद्युत विस्तारको लागि काठमाण्डौमा डेलिगेशन गएको खर्च | १५०००० |
| ३३१ | टिका माया आले मगर | महिला सचेतना कार्यक्रम | ३४००० |
| **जम्मा** | | | **१३८३९६२** |

| सैद्धान्तिक बेरुजु |
|---|

७४ **अन्य कार्यालयको खर्च -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ७०६ | भान्जा मोटर पार्ट्स | सवारी साधन मर्मत खर्च इलाका प्रशासन कार्यालय कटारी | २८५०० |
| ४०८ | मालपोत कार्यालय | मालपोत कार्यालय व्यवस्थापन | ५००००० |
| १२८ | रिपब्लिक कन्ट्रक्सन प्रा.लि | स्थानीय सुरक्षा निकाय व्यारेक निर्माण तथा सुधार | ९८३६८८ |
| ३७५ | भान्जा मोटर्स पार्टस | सवारी साधन मर्मत इलाका प्रशासन कार्यालयल | १५०००० |
| **जम्मा** | | | **१६६२१८८** |

सैद्धान्तिक बेरुजु

७५ **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्टयाई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु.४४८८४३६ खर्च गरेको छ । उक्त खर्च पालिकाको कुल आन्तरिक आय रु.२,१६,१४,६६२.८६ को तुलनामा २१ प्रतिशत रहेको देखिन्छ । यस्तो खर्च खाना खाजा लगायतमा खर्च हुने गरेको देखिन्छ । पालिकाले यस्तो खर्च कसरी गर्ने वा नगर्ने सम्बन्धी कुनै निर्णय भएको देखिएन ।कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **अनुगमन, मूल्यांकन र भ्रमण खर्च परीक्षण -** भ्रमण अभिलेख एवं प्रतिबेदनः भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमणगरेको भनी अनुगमन तथा मूल्याकंनमा रु.१२,६३,९०० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **प्रशिक्षक भत्ता**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।९।९ को निर्णयबाट रु.२३८०।- सम्परीक्षण गरिएको ।)

७८ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाको नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष अकबरे खुर्सानी अचार उद्योग कार्यक्रम अन्तर्गत वडा नं ११ मा रहेको उपभोक्ता समितीलाई बडास्तरीय सम्झौताका आधारमा गो.भौ.नं ७७ मिति २०८०।०३।२१ मा अनुदान रु ५. लाख भुक्तानी दिएको देखिन्छ ।संस्था दर्ता ऐन अनुसार दर्ता नभएको उपभोक्ता समितिलाई अनुदान दिएकोले अनियमित देखिएको रु

| अनियमित भएको | ५,००,००० |
|---|---|

७९ **प्रधानमन्त्री कृषि आधुनिकीकरण -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । साथै उक्त म्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नु पर्ने व्यवस्था छ । प्रदेश सरकारले सञ्चालन गर्ने ब्लक कार्यक्रमको क्रियाकलापका सूचीमा पालिकाले पकेट सञ्चालन गर्दा ५० प्रतिशत साझेदारीमा विभिन्न पकेट सञ्चालन समितिमार्फत निम्नानुसार वितरण गरेको छ । वितरण गरिएका सामाग्री र अनुदान रकमको उपयोग भएको सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी खर्चको उपयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

| क.सं. | कार्यक्रम | कार्य स्थल | कूल बजेट | खर्च | उपलब्धि |
|---|---|---|---|---|---|
| १ | आ.व. २०७८/७९मा स्थापना भएको सुन्तलाजात फलफूल बाली पकेट विकासकार्यक्रमको निरन्तरता | वडा नं. १४ | ६००००० | ५९९६०० | ४००० कागती बिरुवा , १००० सुतला, १ वटा ग्रिन हाउस निरमाण, १ वटाब्रस कटर, स्प्रेयर ४ वटा |
| २ | आ.व.२०७९/८०मा नयाँ अदुवा/बेसार पकेट विकास कार्यक्रम संचालन | वडानं.११, वडा नं.८, वडा नं.१ | १२००००० | ७५७८१३ | ५१०० के.जी. अदुवाको वीउ वितरण,३०० प्याकेट ढुसीनाशक विषादी, २४ वटा स्प्रे वितरण |
| ३ | खाद्यन्न बालीको उन्नत बिउ उपयोगमा अनुदान | १४ वडा सबै | १०००००० | ९५८५४३ | १४वडामा गहुको उन्नत बीउ वितरण र १६७१५ के.जि. धानको बिउ वितरण |
| ४ | खायान आलु उतपादन कार्यक्रम | | १५२०००० | १३२९९०४ | ४ हातेट्रयाक्टर, बिमा, बिषादी बिउ खरिद समेत |
| ५ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | वडानं.३, वडा नं. १० | १०००००० | ७९७४०२ | हाम्रोसामूदायिक विउ वैक कालिकादेवी कृषक समूह |
| ६ | सूचना प्रकाशन तथा उन्नत बिउ उपयोग अनुगमन निरिक्षण | | १५०,००० | १४९७५० | १४ वटा वडामा कार्यक्रम कार्यान्वयनको लागि फिल्ड निरिक्षण तथा अनुगमन गरिएको |
| **जम्मा** | | | **५४७००००** | **४५९३०१२** | |

| सैद्धान्तिक बेरुजु |
|---|

८० **सामाजिक सुरक्षा कार्यक्रम**

८०.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ १४ वटा वडाका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न विभिन्न ९ वटा वैंकलाई चार त्रैमासिकको जम्मा रु.२२४९७२८२३ बैकमा निकासा भई लेखापरीक्षणको अवधिसम्म जम्मा खर्च रु.२२१९२५००१ वितरण भएको मा देखिएका व्यहोरा निम्न छन्:

| सैद्धान्तिक बेरुजु |
|---|

८०.२ **पारदर्शीता कायम** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शीता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८०.३ **डमी खाता सम्बन्धमा -** पालिकाबाट प्राप्त विवरण अनुसार ग्लोबल आइएमइ बैंक, सिद्धार्थ बैंक र नविल बैंक लि मा गत आ व सम्म लाभग्राहीको वितरण हुन नसकेको रकम dummy खातामा रहेको तर कुन कुन बैंकमा के कति रकम रहेको र सो रकम संचित कोष दाखिला भए नभएको सम्बन्धमा स्पष्ट विवरण प्राप्त हुन नसकेकोले यस सम्बन्धमा पालिकाले पुस्ट्याईं गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

८०.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसुची १० बमोजिमको ढाँचामा पालिका र बैकबीच सम्झौता भई पालिकामा रहेकोमा .९ वटै बडाहरुको सामाजिक सुरक्षा भत्ता बैकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले तयार गरेको फरवार्ड फिड र रिभर्स फिड विवरण अनुसार यस बर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अति असक्त अपाङ्ग, बालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैकलाई पठाएको विवरण देहाय बमोजिम अनुसार छ । आ.व. २०७९/०८० (वैशाख देखि असार मसान्तसम्म) सामाजिक सुरक्षा भत्ता वितरणको अवस्थाः

| क्र.सं. | लाभग्राही वर्ग | भत्ता दर | वैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | ४००० | १२४४८००० | १२४७२००० | १२७७६००० | ३७६९६००० |
| २ | जेष्ठ नागरिक दलित (६० वर्ष भन्दा माथि) | २६६० | ७१५५४० | ७२३५२० | ७३४१६० | २१७३२२० |
| ३ | जेष्ठ नागरिक (एकल महिला) | २६६० | १०९३२६० | ११११८८० | १११९८६० | ३३२५००० |
| ४ | विधवा | २६६० | १८४३३८० | १८५१३६० | १८८३२८० | ५५७८०२० |
| ५ | पूर्ण अपाङ्गता (क वर्ग) | ३९९० | ९१३७१० | ९२१६९० | ९४९६२० | २७८५०२० |
| ६ | अति अशक्त अपाङ्गता (ख वर्ग) | २१२८ | १०५९७४४ | १०६८२५६ | १०८५२८० | ३२१३२८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | लोपोन्मुख जाति | ३९९० | १७५५६० | १७५५६० | १७९५५० | ५३०६७० |
| ८ | बालबालिका (दलित) | ५३२ | ३१३३४८ | ३१५४७६ | ३१७६०४ | ९४६४२८ |
| **कुल जम्मा** | | | **१८५६२५४२** | **१८६३९७४२** | **१९०४५३५४** | **५६२४७६३८** |

सैद्धान्तिक बेरुजु

८०.५ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसुची १० बमोजिमको ढाँचामा पालिका र बैंकबीच सम्झौता भई पालिकामा रहेकोमा ९ वटै बडाहरुको सामाजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले तयार गरेको आर्थिक बर्ष २०७८।७९ र आर्थिक बर्ष २०७९।८० को फरर्वड फिड र रिभर्स फिड विवरण अनुसार दई बर्षको जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अति असक्त अपाङ्ग, बालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको विवरणको तुलनात्मक स्थिति देहाय अनुसार छ ।

| क्र.सं. | लक्षित समूह | आ.व. २०७८/७९ को चार त्रैमासिकको औसत संख्या | आ.व. २०७९/८० को चार त्रैमासिकको औसत संख्या | भत्ता दर मासिक रु. |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | २६२९ | ३१९४ | ४००० |
| २ | जेष्ठ नागरिक दलित (६० वर्ष भन्दा माथि) | ३३५ | २७६ | २६६० |
| ३ | जेष्ठ नागरिक (एकल महिला) | ६१२ | ४२१ | २६६० |
| ४ | विधवा | ७०९ | ७०८ | २६६० |
| ५ | पूर्ण अपाङ्गता (क वर्ग) | २५५ | २३८ | ३९९० |
| ६ | अति अशक्त अपाङ्गता (ख वर्ग) | ४३५ | ५१० | २१२८ |
| ७ | लोपोन्मुख जाति | ४० | ४५ | ३९९० |
| ८ | बालबालिका (दलित) | ६९६ | ५९७ | ५३२ |
| **कुल जम्मा** | | **५७११** | **५९८९** | |

सैद्धान्तिक बेरुजु

८१ **अनुगमन प्रतिवेदन**

...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु.८०००००।- सम्परीक्षण गरिएको ।)

८२ **स्यानिटरी प्याड मौज्दात -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौ मासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा ६ भन्दा माथिका छात्रा ३२६९ जना रहेका छन। पालिकाले

स्यानिटरी प्याडका लागि विद्यालयलाई रु.२११८३१२ (मु अ कर समेत) निकासा दिएकोमा विद्यालयहरुले बिल भरपाई र तथ्यांक पठाएतापनि के कति संख्यामा विगतको मौज्दात, यस आवको प्रयोग संख्या र मौज्दात अवस्था खुलाएको छैन खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखे नराखेको तथा मौज्दात अवस्था खुल्ने प्रमाणित विवरण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,१८,३१२ |

८३ **विद्यालय निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा ब्यवस्था भएअनुसार आधारभुत तथा माध्यामिक तह सञ्चालन भएका विद्यायलयहरुमा प्रत्येक सामुदायिक विद्यायहरुमा एक जना विद्यालय सहायक कर्मचारी,१ जना कार्यलय सहयोगि र १ जना प्रारम्भिक बाल विकास सहजकर्ताको ब्यवस्था भएकोमा तपसिल बमोजिमका विद्यालयहरुमा ब्यवस्था भएकोमा भन्दा बढी जनशक्ति कार्यरत देखिन्छ ।कार्याक्रम कार्यान्वयन पुस्तिकामा भएको ब्यवस्था भन्दा बढी भएको भुक्तानी रु

तपसिल

| क स | विद्यालयको नाम | कार्यरत जनशक्ति | थय ब्ययभार | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मा वि मरुवा | स का २ | १४००००। | पालिका अन्तर्गत विद्यालयहरुमा कार्यरत रहेका स का र का स हरुको वास्तविक जनशक्तिहरुको संख्या एकीन गरी ब्यवस्थापन गर्नुपर्ने । |
| २ | श्री दिपेन्द्र मा वि जोगिँडाडा | स का ३ | २८००००। | |
| ३ | सरस्वती मा वि भोर्ले | स का २ | १४००००। | |
| ४ | देवि मा वि भुल्के कटारी | स का २ | १४००००। | |
| ५ | चन्द्रावती मा वि लेखानी | का स २ स का २ | २५४०००। | |
| जम्मा | | | ९५४०००। | |

| | |
|---|---|
| अनियमित भएको | ९,५४,००० |

८४ **अनुदानबाट शिक्षक तलब -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै समानीकरण अनुदान र राजस्व वाडफाडबाट प्राप्त राजस्वबाट विभिन्न तहका शिक्षकलाई रु.६४५६९९८ तलब भत्ता भुक्तानी गरेको छ । ऐनको व्ववस्था भन्दा फरक हुने गरी शिक्षकहरुलाई तलव भुक्तानी दिएको अनियमित देखिएको रु.

| भौ. नं | विद्यालय संख्या | वापत | रकम |
|---|---|---|---|
| ९५३ | जनता माध्यमिक विद्यालय गुराँसे | ४ जना शिक्षक तलव | ४००००० |
| ९५८ | माध्यमिक विद्यालय लिम्पाटार | २ जना शिक्षक तलव | ६००००० |
| ९५१ | सरस्वती माध्यमिक विद्यालय भोर्ले | ५ जना शिक्षक तलव | ७३५००० |
| ५८१ | कालिका आ. वि . | ४ जना शिक्षक तलव | ६००००० |
| ८०५ | कालिका माध्यमिक विद्यालय रतनपुर | २ जना शिक्षक तलव | ६००००० |
| १०२१ | माध्यमिक विद्यालय कालीखोला | ५ जना शिक्षक तलव | ५७१९९८ |

| | | | |
|---|---|---|---|
| १०७६ | जनता आधारभुत विद्यालय फूलबारी सिरान | ५ जना शिक्षक तलव | ५००००० |
| १०९१ | चुरीया आधारभुत विद्यालय च्याँगा | २ जना शिक्षक तलव | २००००० |
| ९२२ | सरस्वती मा वि | २ जना शिक्षक तलव | ७००००० |
| ८८७ | जनता कालिका माध्यमिक विद्यालय सोरुङ्ग | ४ जना शिक्षक तलव | ५००००० |
| ११३१ | श्री आधारभुत विद्यालय सिरिसे आहाले | १ जना शिक्षक तलव | १५०००० |
| ४०७ | श्री आ वि सिरिसे | १ जना शिक्षक तलव | ३००००० |
| ६० | डम्बरुद्रेश्वर मातापिता प्रा वि | तलव भत्ता वापत खर्च | १५०००० |
| पुजीगतबाट खर्च | | | ० |
| ३३६ | दिपेन्द्र आ वि | ४ जना शिक्षक तलव | ३००००० |
| २२१ | पशुपती आ वि | १ जना शिक्षक तलव | १००००० |
| २६८ | जनज्योति आ वि | १ जना शिक्षक तलव | २००००० |
| | | अनियमित भएको | ६४,५६,९९८ |

८५ **व्यवस्थापन अनुदान -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार शैक्षिक सेवा, सामान खरिद, सहयोग र व्यवस्थापनमा रु.७५ लाख ८० हजार बजेट विनियोजन गरी रु.६१ लाख १५ हजार अनुदान वा अनुदानकै स्वरुपमा फरक शीर्षकमा चालु खर्चमा समेत खर्च लेखेको छ ।

| **क स** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **विनियोजन** | **खर्च** |
|---|---|---|---|
| १ | सहकारी संस्था व्यवस्थापन | ५०००००. | ९३३७५. |
| २ | नगर साझेदारी नमूना विद्यालय व्यवस्थापन | ५०००००. | ४९९९६३. |
| ३ | चुरिया आधारभूत विद्यालय शिक्षक व्यवस्थापन | २०००००. | २०००००. |
| ४ | स्वर्गिक मार्ग संघ नेपाल कार्यालय व्यवस्थापन कार्यक्रम | ११००००. | १०००००. |
| ५ | दुना टपरी भवनमा विद्युत जडान तथा व्यवस्थापन | ५००००. | ५००००. |
| ६ | पशुपति आधारभूत विद्यालय तपी व्यवस्थापन | २०००००. | २०००००. |
| ७ | सरस्वती आधारभूत विद्यालय मर्जेतपुर व्यवस्थापन | २०००००. | १८५८०९. |
| ८ | आवि कालिखोला कार्यालय व्यवस्थापन | १०००००. | ९६४०५. |
| ९ | चिलाउने गोठडाँडा मन्दिर व्यवस्थापन | १४५०००. | १४४७८२. |
| १० | पञ्चावती आवि कार्यालय व्यवस्थापन | ५००००. | ४८०००. |
| ११ | पटनदेवी आवि कार्यालय व्यवस्थापन | ७५०००. | ७४९९९. |

| | | | |
|---|---|---|---|
| १२ | विगत शैक्षिक सत्र देखि अंग्रेजी माध्यमबाट पठन पाठन गराउँदै आएका सरस्वती मावि भोर्ले र चुरिया आधारभूत विद्यालय च्याङ्गालाई शिक्षक व्यवस्थापन अनुदान | २५००००. | २५००००. |
| १३ | वर्थिङ्ग सेन्टरमा ल्याव स्थापना आधारभूत स्वास्थ्य केन्द्रमा/स्वास्थ्य चौकीका लागि जनशक्ति व्यवस्थापन | ११०००००. | १०१७८६९. |
| १४ | श्री आवि डम्बर रुद्रेश्वर विद्यालय शक्षिक अनुदान | १५००००. | १५००००. |
| १५ | श्री निमावि सिरिसे आहाले शैक्षिक अनुदान | ३०००००. | ३०००००. |
| १६ | श्री मावि लिम्पाटारी नमूना विद्यालय शैक्षिक अनुदान | ५०००००. | ४८२८१८. |
| १७ | माध्यमिक विद्यालयमा खेलकुद विकासका लागि अनुदान | १९००००. | १९००००. |
| १८ | विगत शैक्षिक सत्र देखि अंग्रेजी माध्यमबाट पठन पाठन गराउँदै आएका सरस्वती मावि भोर्ले र चुरिया आधारभूत विद्यालय च्याङ्गालाई शिक्षक व्यवस्थापन अनुदान | २५००००. | २५००००. |
| १९ | शून्य दरबन्दी तथा राहत अनुदानकोटा प्राप्त नगरेका आधारभूत तह कक्षा १-३ र कक्षा १-५ संचालित सामुदायिक विद्यलाइ शिक्षण सिकाइ अनुदान | ११०००००. | १०२४८००. |
| २० | एकल महिला वृद्ध अति विपन्न महिलाहरुलाई टेवा अनुदान | ४१००००. | ३९९०००. |
| २१ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान | १००००००. | ९५८५४३. |
| २२ | स्थानीय तहको साझेदारीमा हिंसा पिडित महिलाका लागि अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन सहयोग अनुदान | २०००००. | १९९५८०. |
| **जम्मा** | | **७५८००००.** | **६९१५९४३.** |

तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको तथा दिएको अनुदान सम्बन्धमा क्रियाकलाप यकिन गरी तलव भत्ता लगायत कार्यालय सञ्चालन खर्चमा खर्च भए नभएको यकिन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८६ **रितपूर्बकको कर बिजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर सगरमाथा जनरल सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.१०९८८३ समेत रु..९५५१३७ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|
| १५।२०७९।५।२८ | सगरमाथा नजरल सप्लायर्स | छाया प्रति | ९५५१३७ | १०९८८३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०९,८८३ |

८७ **च्याङ्गगा रिङ्गरोड थप कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम आवश्यकता पहिचान सहि ढंगले गरेर मात्रै योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले च्याङ्गा रिंग रोड कालोपत्रे कार्यका लागि (ठे न ६-०७९।८०) मिति २०७९।१०।१५ मा आर्यन कन्स्ट्रक्सन मल्टिप्रपोजसँग रु.५३०१९९४८७ (मुअकर र भेरिएशन समेत) मा मिति २०८०।३।१५ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा रु.५२५५५८६ मा सम्पन्न भएको छ । निर्माण कार्य सञ्चालन भएको स्थानमा सडक मर्मत र नाला निर्माणका लागि सोही व्यवसायीलाई रु.२८६५४७ भुक्तानी दिएको छ । रिंग रोडको विस्तृत आयोजना प्रतिवेदन तयार नगरी उपलब्ध बजेटका आधारमा रिङ्गरोड नामाकरण सहित आयोजना सञ्चालन नभएको, रिङ्ग रोडका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन नभएको, निर्मित सडक बन क्षेत्रमा गएर टुंगिने र सवारी चाप न्यून रहेको स्थानमा निर्माणस्थल छनौट गर्दा योजना प्राथमिकिकरण र आवश्यकता मूल्यांकन वस्तुगत तरिकाले भएको देखिएन । एकै निर्माणस्थलमा योजना सञ्चालन गर्दा विओक्यूमा समावेश गरी गर्न सकिने कार्यलाई सोही व्यवसायीमार्फत कार्य गराउने कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,८६,५४७ |

८८ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५७२ | ५३ | २३ | १९ | २४ |

सैद्धान्तिक बेरुजु

८९ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७०८४७६५४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **अध्ययन परामर्श सेवा -**बजेट व्यवस्था भई कार्यान्वयन हुने योजना तथा कार्यक्रम लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|
| नगरपालिकाको आवधिक योजना | स्टेन्थ ईन्जिनियरिङ्ग प्राली काठमाडौ | १४४०७५० |
| स्थानीय पाठ्यक्रम निर्माण | सभ्यता अनुसन्धान केन्द्र प्राल भक्तपुर | १९९५५८० |
| **जम्मा** | | **३४३६३३०** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको छ । यसरी अध्ययन प्रतिवेदन तयार भएका योजना कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता नभएको तथा पालिकाको वास्तवकि आवश्यकता वा प्राथमिकता भन्दा बजेटको उपलब्धताका आधारमा कार्यक्रम राखि खर्च गरेको उपयुक्त देखिएन ।

सैद्धान्तिक बेरुजु

९१ **सिल व्याण्ड र लिन्टल व्याण्ड -** सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार सार्बजनिक निर्माण कार्यको प्राबिधिक बाट नापि , कार्य मुल्याकनको आधारमा भुक्तानी हुनुपर्नेमा व्यवस्था छ । तर पालिकाले विभिन्न योजनाको भुक्तानीका लागि measurement गर्दा brick masonry work मा sill band र lintel band को परिमाण नघटाई भुक्तानी गर्दा रु.२३७४७ बढी भक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| गो.भौ.नं./मिति | निर्माण व्यवसायीको नाम | योजनाको नाम | Brick masonry work को परिमाण | sill band and lintel band को परिमाण | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १९।२०७९।६।१३ | उदयपुर लामा कन्स्ट्रक्सन | १२ नं. वडा कार्यालय भवन निर्माण आयोजना | १८.२६ | १.०३४ | १४००० | १४४८० |
| १९७।२०७९।१२।२८ | उदयपुर लामा कन्स्ट्रक्सन | ५ नं. वडा कार्यालय भवन आयोजना | | ०.७१२८ | १३००० | ९२६७ |
| **जम्मा** | | | | | | **२३७४७** |

| असुल गर्नुपर्ने | २३,७४७ |
|---|---|

९२ **कटारी अस्पताल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम आय सेवामा समेत लागत अनुमान तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८५(१घ) मा रु.१० लाख भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था छ । पालिकाले विभिन्न व्यक्तिसँग सोझै सम्झौता गरी वार्षिक भाडा रु.१३०७५२६ भुक्तानी गरेको देखिन्छ । ऐन तथा नियमावलीको व्यवस्था बमोजिम सवारी साधन भाडामा खरिद गर्नुपर्दछ ।

| गो.भौ.नं. | भुक्तानी पाउने नाम | कार्य विवरण | रकम |
|---|---|---|---|
| २३३।२०८०।१।२० | पि एस कन्सट्रक्शन | फल्स सिलिङ्ग कार्य | ५,८९,१८९.०० |
| १३४।२०७९।११।२१ | विष्णु स्टील एण्ड आल्मुनियम फर्निचर | आल्मुनियम पार्टेशन कार्य | ७,१८,३३७.०० |
| जम्मा | | | १३०७५२६. |

सैद्धान्तिक बेरुजु

९३ **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन , २०६३ को दफा ८ (२) वमोजिम यो ऐन र यस ऐन अन्तरगत वनेको ऐन नियम वमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले निम्न अनुसार खरिद कार्य प्याकेज वनाइ वोलपत्रको माध्यमवाट खरिद गर्न सकिनेमा टुक्रा टुक्रा गरि कोटेशन माध्यमवाट सोझै खरिद गरी रु.४२५७८२१ खर्च गरेको देखियो । साथै सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको खरिद गर्दा स्पेशिफिकेसन बमोजिम समान प्राप्ती भए नभएको निरिक्षण वा परीक्षण गरेको देखिएन । यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया पुरा नगरी समान प्राप्ती गर्ने र भुक्तानी दिने कमजोरीमा सुधार हुनुपर्दछ । साथै कार्यालयले खरिद गरिएको तारजाली, ग्याविन बक्स, पाइप खरिद तथा वितरण कार्य वडा कार्यालयहरुको सिफारिसको आधारमा गरिएको छ । प्राविधिक कर्मचारीको प्राविधिक मुल्याङ्कन, नापी तथा कार्य सम्पन्न प्रतिवेदन वेगर खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

| गो.भौ.नं. | भुक्तानी पाउने नाम | कार्य विवरण | रकम |
|---|---|---|---|
| ३६६।२०८०।२।२१ | हिम शिखर सप्लायर्स एण्ड ट्रेडर्स | तारजाली, ग्याविन बक्स, पाइप खरिद तथा वितरण | ४३००६९ |
| ३८४।२०८०।३।२२ | नेपाल ट्रेडिङ्ग एण्ड हार्डवयर्स प्रा.लि. | तारजाली, ग्याविन बक्स, पाइप खरिद तथा वितरण | १०९६९५ |
| ३९४।२०८०।३।२३ | नेपाल ट्रेडिङ्ग एण्ड हार्डवयर्स प्रा.लि. | तारजाली, ग्याविन बक्स, पाइप खरिद तथा वितरण | १५०४७९ |
| | हिमगिरी सप्लायर्स एण्ड ट्रेडर्स | | ४१२५५९ |
| | हिमशिखर हार्डवेयर | | ४९७७५९ |
| ३९४।२०८०।३।२४ | हिम शिखर सप्लायर्स एण्ड ट्रेडर्स | तारजाली, ग्याविन बक्स, पाइप खरिद तथा वितरण | ४९९५८९ |
| ४००।२०८०।३।२४ | नेपाल ट्रेडिङ्ग एण्ड हार्डवयर्स प्रा.लि. | तारजाली, ग्याविन बक्स, पाइप खरिद तथा वितरण | १८५४३९ |
| ४०१।२०८०।३।२४ | नेपाल ट्रेडिङ्ग एण्ड हार्डवयर्स प्रा.लि. | तारजाली, ग्याविन बक्स, पाइप खरिद तथा वितरण | ३७१४६४ |
| | हिमगिरी सप्लायर्स एण्ड ट्रेडर्स | | ४७९४५९ |
| ४१०।२०८०।३।२४ | नेपाल ट्रेडिङ्ग एण्ड हार्डवयर्स प्रा.लि. | तारजाली, ग्याविन बक्स, पाइप खरिद तथा वितरण | ३९६८४३ |
| जालु तर्फ | | | ० |
| ९९८ | भिमसेन सप्लायर्स | पाइप खरिद | ४९७०६६ |

| | | | |
|---|---|---|---|
| १०९६ | पन्चवती सप्लायर्स एण्ड ट्रेडर्स | HDP पाइप खरिद ५६०० मिटर | २२७४०० |
| **जम्मा** | | | **४२५७८२१** |

सैद्धान्तिक बेरुजु

९४ **दर विश्लेषण -** उदयपुर जिल्ला आर्थिक बर्ष २०७९।८० को जिल्ला दररेट अनुसार नरम माटो खन्ने काम पहाडी क्षेत्रको लागि रु.७७ र तराई क्षेत्रको लागि रु.८१ निर्धारण गरेको छ । पालिकाले सडक निर्माण कार्यको नरम माटो खन्ने कामको मेशिनको प्रयोग गरी दर विश्लेषण गर्दा प्रति घनमिटर रु.६०.१९ निर्धारण गरेको छ । पालिकाको विभिन्न योजनमा जिल्ला दररेट र पालिकाले निर्धारण गरेको दर दुवै प्रयोग गरेको देखिन्छ । पालिकाले तयार गरेको दर विश्लेषण र जिल्ला दररेटवीच तुलना गर्दा एकै प्रकारको काममा निम्नानुसार फरक परेको देखिन्छ । यस्तो कार्यमा सुधार गरी प्रयोग गरिएको दरमा एकरुपता ल्याउनुपर्दछ ।

| भौ.नं. | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | जिल्ला दररेट | दर विश्लेषण अनुसार दर | बढी दर | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| २७ | वडा स्तरीय मोटर बाटो मर्मात उ. स . | माटो खन्ने काम | ७३६६.२१ | ७७ | ६०.१९ | १४.८१ | १०९०९४ |
| ५४ | वडा भरीको सडक मर्मत तथा निर्माण उ. स . | माटो खन्ने काम | ११७७९.२२ | ८१ | ६०.१९ | २०.८१ | २४५९०५ |
| ६५ | वडा १० को सम्पुर्ण मोटरसाइकल बाटो सरसफाई योजना उ. स . | माटो खन्ने काम | १३६९७.१८ | ८१ | ६०.१९ | २०.८१ | २७६४०९ |
| ७१ | वडा १२ भरीका सडक मर्मत सुधार उ. स . | माटो खन्ने काम | १३५७७.०५ | ८१ | ६०.१९ | २०.८१ | २८२५३८ |
| १११ | सडक मर्मत उ. स . | माटो खन्ने काम | ९७८३.२५ | ८१ | ६०.१९ | २०.८१ | २०३५८९ |
| २०२ | वडा स्तरीय मोटर बाटो मर्मत उ. स . | माटो खन्ने काम | १०६४९ | ७७ | ६०.१९ | १६.८१ | १७९०१० |
| **जम्मा** | | | | | | | **१३०५५४५** |

सैद्धान्तिक बेरुजु

९५ **चुला ढुंगा बेली ब्रिज -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम आवश्यकता पहिचान सहि ढंगले गरेर मात्रै योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले मरुवा खोला कटारी ४ मा बेली ब्रिज ठे न ८-०७९।८०) निर्माण गर्नका लागि मिति २०८०।२।११ मा आर्यन कन्स्ट्रक्सन मल्टिप्रपोजसँग रु.११७१३१६५।४६ (मुअकर समेत) मा मिति २०८० चैत्र मसान्तसम्म सम्पन्न गर्ने गरी सम्झौता भएको छ । हालसम्म रु.८५७१४२८ भुक्तान भैकसकेकोमा यस पुल निर्माण कार्य लेखापरीक्षण अवधिसम्म सम्पन्न हुन नसकेको कारण सम्बन्धमा जानकारी माग गर्दा निर्माण संरचना र खरिद प्रक्रिया सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी रहेकोले २०८०।५।२९ मा जवाफ पठाएको र अनुसन्धानको क्रममा रहेको जनाएको छ । कुल

६ बोलपत्रदातामध्ये लागत अनुमान रु.१३३२८२५५।३५ को तुलनामा १२.१८ प्रतिशत घटीमा बोलपत्र स्वीकृत भएको यस आकस्मिक प्रकृतिको निर्माण कार्यको लागि चैत्र मसान्तसम्मको समयावधी राखेको र एप्रोच सडक नबनेका कारण सञ्चालनमा आउन नसकेको अवस्थामा स्थानीय, निर्माण व्यवसायी र पालिकाले आवश्यक समन्वय गरी समयमै सम्पन्न गर्न पहल गर्नुपर्ने देखिएको छ । खरिद सम्झौता, खरिद ऐन र नियमावलीको प्रावधान बमोजिम कार्यसम्पन्न गराई पुल सञ्चालनमा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९६ **नन फाईलर -**मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मुल्य अभिवृद्धि कर विवरण हरेक महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरेका निम्नानुसारका भुक्तानीमा व्यवसायीहरु लेखापरीक्षण अवधिसम्म नन फाईलर देखिएकोले व्यवसायीबाट दाखिला हुन बाँकी ७० प्रतिशत मू.अ.कर विवरण पेश भएको प्रमाण पेश गर्नुपर्ने रु

| क स | भौन र मिति | व्यवसायी | बिल रकम | ७० प्रतिशत मुअकर |
|---|---|---|---|---|
| १ | १३-२०७९।५६।११, ५१-२०७९।८।२५ | आर डि आत्रेय जेभी | ७३५६११७।०० | ५६६००५।३१ |
| २ | ९-२०८०।३।२४ | स्ट्रेन्थ ईन्जिनियरिङ्ग कम्पनी प्राली | १४४०७५०।०० | १६५७५० |
| **जम्मा** | | | | **७३१७५५।३१** |

| प्रमाण पेश नगरेको | ७,३१,७५५.३१ |
|---|---|

९७ **वडा ४ भित्रि-सडक कालोपत्रे -** पालिकाले वडा नं ४ को भित्री सडक कालोपत्रे गर्नका लागि मिति २०७७।६।१५ मा आर डी आत्रेय जेभीसँग रु.४६९४८२९३।०३ (मुअकर समेत) मा सम्झौता भएको छ । म्याद थप समेत मिति २०८०।३।११ सम्म सम्पन्न गर्नुपर्ने यस कार्यका लागि हालसम्म रु.३९०४६०५७।८६ भुक्तान भैकसकेकोमा रु.८ लाख बराबरको पेश्की जमानत र कार्यसम्पादन जमानत रु.८७६६४५८ गरी जम्मा ९६६६४५८ जोखिममा रहेको वा जमानत अवधि समाप्त हुँदासमेत पालिकाले जमानत समाप्त हुनुपुर्व बैक दाबि गरेको छैन । ३५ प्रतिशत न्यून बोलकबोल गरेको व्यवसायीले कार्यसम्पन्न पश्चात प्राप्त गर्न सक्ने रकम रु.७९०२२३५।१७ रहेको अवस्थामा पालिकाले सुरक्षणका लागि लिएको जमानत समयमै दावी नगर्दा निर्माण कार्य अधुरो रहेको छ । पालिकाले मिति २०७८।१२।६ मा सम्पर्कमा नआएको व्यहोरा सहित ताकेता गरेतापनी २०७९।१०।२० मा नगर सभाले मिति २०८०।३।११ सम्म म्याद थप गर्दा थप अवधिको कार्यसम्पादन एवं पेश्की जमानत नलिएको र बीमाको अवधि समेत थप गराएको छैन । सार्वजनिक खरिद व्यवस्थापनको क्रममा खरिद सम्झौता, खरिद ऐन र नियमावलीको प्रावधान पालना गरी तोकिएको कार्य सम्पन्न गर्नुपर्ने देखिएको रु

| क स | ठेक्का नं | व्यवसायी | सम्झौता रकम(भ्याट र कन्टेन्जेन्सी बाहेक) | पेश्की जमानत | कार्यसम्पादन रकम |
|---|---|---|---|---|---|
| १ | १५-०७६।७७ | आर डी आत्रेय जेभी | ४६९४८२९३।०३ | ८०००० | ८७६६४५८ |
| **जम्मा** | | | | **१०४६०००** | **२८९१६११** |

| कुल जम्मा | ९६६६४५८ |
|---|---|

| असुल गर्नुपर्ने | ९६,६६,४५८ |
|---|---|

९८ **डिपिआर तयारी -** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्यांकन आधारहरु तोकेको छ । पालिकाले वेली ब्रिज निर्माण कार्यको DPR वापत रु.४८५९०० भुक्तानी दिएकोमा उक्त गर्दा उपर्युक्त मूल्यांकनका आधारहरु प्रयोग गरी मूल्यांकन गरेको देखिएन । उक्त कार्यको लागत अनुमानमा समावेश जनशक्तिको समयावधी निर्धारणको नर्म्स पनि लेखापरीक्षणको क्रममा पेश हुन सकेन । यसप्रकारका परामर्श सेवा खरिद गर्दा आवश्यकता र औचित्यका आधारमा पूर्व निर्धारित कार्यक्रम अन्तर्गत गर्नुपर्ने र कानूनले तोकेको उपर्युक्त प्रक्रिया तथा व्यवस्थाको पूर्ण पालना गरिनुपर्दछ ।

| गो.भौ.नं. | पदामर्शदाताको नाम | वापत | स्वीकृत बजेट | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|---|
| ५५।२०७९।८।२६ | **Gro Testing Lab And Research Pvt.Ltd** | **Consulting service for preparation of detail survery, design and cost estimate of Chuladhunga Bailay Bridge** | ५००००० | ४८५९०० | ४८५९०० |

सैद्धान्तिक बेरुजु

९९ **अधुरा निर्माण कार्य -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारको योजनाको कार्य सम्पन्न हुन नसकी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन ।

| क्र स | योजनाको नाम | निर्माण व्यसायी | सम्झौता रकम | सम्झौता मिति | हालसम्मको भुक्तानी | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| १ | महाभारत प्राथमिक स्वास्थ्य केन्द्र | अंकित कन्स्ट्रक्सन | ५३००४९४।५० | २०७५।११।२२ | ४२१४५५१ | २०७८।३।३० |
| २ | कटारी ४ का भित्री सडक कालोपत्रे | आर डि आत्रेय जेभी | ४६९४८२९३।०३ | २०७७।६।१५ | ३९०४६०५७।८६ | २०८०।३।११ |
| ३ | ग्रास भित्री सडक कालोपत्रे | भिमेश्वर कन्स्ट्रक्सन प्राली | ४८६६५४८।४० | २०७९।२।१३ | ३०४३५८७ | २०७९।११।२६ |

सम्झौता भएका यसप्रकारका योजनामा सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम आवश्यक निर्णय लिने सम्बन्धमा पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका व्यवस्थाको आधारमा कार्यसम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०० **बेतेनी सामुदायिक पार्क -** पालिकाले पर्यटन पुर्वाधार विकास कार्यक्रम अन्तर्गत बेतेनी सामुदायिक पार्क निर्माणका लागि मिति २०७८ मंसीर १ मा किंरातेश्वर जोशी प्रिन्स जेभीसँग (ठे न १-०७८।७९) रु.२५७६५६५४।७९ (मुअकर समेत) मा पछिल्लो म्याद थप समेत मिति २०८०।१२।२ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हालसम्म रु.४३४४६९५ (रु २४ लाख पेश्की समेत) भुक्तानी भएको छ । पछिल्लोपटक म्याद थप गर्दा थप अवधिको बिमा र कार्यसम्पादन जमानत नलिएको कारण १४ नोभेम्बर २०२३ सम्मको अवधि रहेको छ । कम अवधिको जमानत लिएको तथा तोकिएको समयमा कार्यसम्पन्न नभएको कारणमा सम्बन्धमा विगतमा निर्माणस्थल विवाद रहेकोमा समाधान भैसकेको र चालु आवमा बजेट हालसम्म प्राप्त नभएकोले निर्माण कार्य सुचारु नभएको जनाएको छ । निर्माण कार्यको बिमा अवधि तथा कार्यसम्पादन जमानत थप बेगर म्याद थप गर्ने कार्य नियमसम्मत भएको छैन । अत : सार्वजनिक निकायले निर्माण कार्य सञ्चालन र खरिद सम्झौता कार्यान्वयन गर्दा खरिद सम्झौताका शर्त तथा समयमा कार्य सम्पन्न नगर्दा हुने सार्वजनिक व्ययको मुल्यांकन एवं विश्लेषण गरी समयमै कार्य सम्पन्न गर्न गराउन तदारुकता देखाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०१ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले भौचर १७१ को भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.६०४५० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १७१।२०७९।७।२३ | अनन्त इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ३०४३३८७२० | १७५१५०० | २०१५०० | ६०४५० |

| प्रमाण पेश नगरेको | ६०,४५० |
|---|---|

१०२ **फरक फरक नम्सको प्रयोग -** कटारी नगरपालिकाले एकिकृत रुपमा निर्माण कार्यको स्थानीय दर निर्धारण नगरेको अवस्थामा जिल्ला दररेटलाई आधार मानी निर्माण कार्य तथा सामाग्रीको दर राखी दर विश्लेषण गरेको छ । पालिकाको क्षेत्रभित्र एउटै कार्यको लागि फरक फरक नमर्सको प्रयोग गरी निर्माण कार्य सम्पन्न गर्दा निर्माण कार्यको दरमा एकरुपता पाइएन । एउटै कार्यमा जिल्ला दररेट, सडक विभाग र डोलिडारको नर्म्स प्रयोग गर्दा निर्माण कार्यमा एकरुपता देखिएन । अत समानको कामको दर समान कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०३ **कार्य सम्पन्न प्रतिवेदन -** सार्बजनिक खरिद ऐन तथा नियमावली २०६४ अनुसार निर्माण एबं मर्मत सम्भार कार्यको स्वीकृत लागत अनुमान ,नापि किताब प्राबिधिक मुल्यांकन कार्य सम्पन्न प्रतिबेदन अनुसार भुक्तानी

दिनुपर्ने उल्लेख छ । पालिकाले सिचाई तथा खानेपानी निर्माण कार्यको लागि भौचर नं. ४२०।२०८०।३।२४ बाट सिचाई तथा खानेपानी उ.स. १२ लाई रकम १९३१४० भुक्तानी गर्दा निर्माण कार्यको नापी किताव, कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९३,१४० |

१०४ **ग्रास भित्री-सडक कालोपत्रे -** पालिकाले ग्रास भित्री सडक कालोपत्रे गर्नका लागि मिति २०७९।२।१३ मा भिमेश्वर कन्स्ट्रक्सन प्राली सँग रु.४८६६५४८।४० (मुअकर समेत) मा सम्झौता भएको छ । म्याद थप समेत मिति २०७९।११।२६ सम्म सम्पन्न गर्नुपर्ने यस कार्यका लागि हालसम्म रु.३०४३५८७ भुक्तान भैकसकेकोमा कार्यसम्पादन जमानत रु.२४३५०० को मान्य अवधि समाप्त हुँदासमेत पालिकाले जमानत समाप्त हुनुपुर्व बैक दाबि गरेको छैन । लात अनुमान रु.४८८२३४३।३७ कै हाराहरीमा न्यून प्रतिशत घटेर बोलकबोल गरेको व्यवसायीले कार्यसम्पन्न नगरेका कारण पालिकाले मिति २०८०।१।२१ मा स्पष्टिकरण माग गरेको र २०८०।२।१४ मा ईलाका प्रहरी कार्यालय मंगलटार काभ्रेलाई खोजतलास गरी सहयोग गर्न पत्राचार समेत गरेको छ । पालिकाले सुरक्षणका लागि लिएको जमानत समयमै दावी नगर्दा निर्माण कार्य अधुरो रहेको, म्याद थप गर्दा थप अवधिको कार्यसम्पादन र बीमाको अवधि समेत थप गराएको छैन । सार्वजनिक खरिद व्यवस्थापनको क्रममा खरिद सम्झौता, खरिद ऐन र नियमावलीको प्रावधान पालना नगरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई खरिद सम्झौता, सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति, समयमा कार्यसम्पन्न नगरेको कारण सार्वजनिक निकायलाई पर्न गएको क्षतिपूर्ती भराई व्यवसायीलाई कालोसूचीमा राख्ने प्रक्रियामा लैजानुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४३,५०० |

१०५ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि न्यूनतम म्याद कायम हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु ७९ लाख २५ हजार बजेटमा विभिन्न उप शिर्षकबाट देहायअनुसार रु ६४ लाख ७८ हजारको औषधि खरिद गरेको देखिन्छ ।

| क स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | औषधी खरिद | ४०००००. | ४०००००. |
| २ | निःशुल्क औषधि खरिद (स्वास्थ्य संस्थाहरुका लागि शसर्तबाट अपुग भएका) | २७०००००. | १२५४१६७. |
| ३ | मानसिक स्वास्थ्य तालिम तथा उपचार सहायता (तालिम तथा मानसिक औषधि खरिद) | ३०००००. | २९९१५३. |
| ४ | सर्पदंश उपचार (औषधि खरिद तथा व्यवस्थापन) | ४५००००. | ४५००००. |
| ५ | निःशुल्क औषधि खरिद | २००००००. | १९९९७४७. |

| | | | |
|---|---|---|---|
| ६ | मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको लागि औषधि खरिद र आपुर्ति | २५००००. | २५००००. |
| ७ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १८२५०००. | १८२५०००. |
| **जम्मा** | | **७९२५०००** | **६४७८०६७** |

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **प्रयोजन नखुलेको खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)
६ अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक विल, भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित कटारी अस्पतालमा भौचर नम्बर २२६-३।२७ बाट विभिन्न ४ कर्मचारीलाई भ्रमण खर्च बापत रु.३८२०० भुक्तानी दिएकोमा सो को प्रयोजन तथा खर्चको पुष्ट्याई हुने कागजात श्रेस्तासाथ संलग्न गरेको नदेखिएको रु

| प्रमाण पेश नगरेको | ३८,२०० |
|---|---|

१० **अतिरिक्त भत्ता -** पालिका अन्तर्गत रहेको कटारी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले
७ सट्टा बिदा बापतको प्रोत्साहन रकम कार्यरत पदको १ दिनको तलवभत्ताका आधारमा गणना गरी भुक्तानि गर्नुपर्ने देखिन्छ । आ व ०७९।०८० मा पालिकाले तँहा कटारी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको अतिरिक्त काम वापतको भुक्तानि सम्वन्धमा ग्रेड समेतका आधारमा १ दिनको तलव कायम गरी भुक्तानि गरेको देखिएकोले प्रचलित तलवभत्ता सम्वन्धि ऐनका आधारमा असुल गर्नुपर्ने रु

| **नाम** | **पद** | **वास्तविक भुक्तानि (कार्तिक) रु** | **हुनुपर्ने भुक्तानि (कार्तिक) रु** | **असुलि रु** |
|---|---|---|---|---|
| डा गौरव शाह | अधिकृत आठौ | ५८४८६ | ४८७३६। | ९७५०। |
| खगेन्द्र अधिकारी | अधिकृत छैठौ | ५८२४९ | ४३८६९। | १४३८०। |
| कविता बास्तोला | सि अ हे ब पाचौ | ४२८३६ | ३४७३०। | ८१०६। |
| केदारनाथ धमला | अ हे ब चौथो | ३९४८४ | ३२९०२। | ६५८२। |
| नवीन बस्नेत | सि अ हे ब पाचौ | ४२८३६ | ३४७३०। | ८१०६। |
| प्रमेन्द्र प्रसाद कैवार यादव | ब ल्या व छैठौ | ४३९९७ | ३४७३०। | ९२६७। |
| राम विकास ठाकुर | डा रु अ चौथो | ३७३९० | ३२९०२ । | ४४८८। |
| समिता राई | चौथो तह | ३९८५० | ३२९०२ । | ४४८८। |
| अन्जु चौधरी | अ न मि छैठौ | ४४१४५ | ४३८६९। | १४५६। |
| श्याम सुन्दर यादव | ज स्वा नि | ४४१४५ | ४३८६९। | १४५६। |

| | |
|---|---|
| अतिरिक्त कार्य सट्टा विदाको रुपमा लिने तथा कार्यबोझका आधारमा मासिक भुक्तानि गर्ने हुदाँ घण्टा बापतको आ व को थप भुक्तानि कार्यालयले एकीन गरि थप असुलि गर्नुपर्ने देखिन्छ । | ६८०७९। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,०७९ |

१०८ **नवजात शिशु कार्यक्रम प्रोत्साहन -** मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा,गर्भवती रक्त संचार,उत्पेरणा सेवा,न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम अन्तर्गत सेवाप्रदायक स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुले स्वास्थ्य संस्थाको निर्णयका आधारमा थप सुविधा लिएको देखिन्छ । आमा सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७९ को परिच्छेद ३ नियम ६ ख मा स्वास्थ्यकर्मीको उत्पेरणाको लागि स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिले स्वास्थ्य संस्थालाई प्राप्त हुने ईकाई मुल्यवाटै बढीमा रु ३००(तीन सय ) प्रत्यक्ष सेवा प्रदान स्वास्थ्यकर्मी तथा सहयोग गर्ने टीमलाई बाँडफाड गर्नुपर्ने ब्यवस्था रहेकोमा केही उदाहरण निम्नानुसार रहेका छन् ।

| गो भौ नं । मिति | भुक्तानि भएको रकम | वास्तविक भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|
| ३२५।२०७९।११।१९ | १९२०००(१०९) | ३२७००। | अस्पतालको निर्णयका आधारमा थप भुक्तानी गरिएको । |
| ४४१।२०८०।०१।०७ | १२६६००(११३) | ३३९००। | |
| २३३।२०७९।०९।२८ | ११८८००(११३) | ३३९००। | |
| ७६४।२०८०।०३।२४ | ३७९००(४१) | १२३००। | |
| **जम्मा** | **४७५३००।** | **११२८००।** | |

सैद्धान्तिक बेरुजु

१०९ **आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम -** आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम अन्तर्गत यस वर्ष पालिकामा यातायात खर्च वापतको रकम ७९२ जना र गर्भवती उत्पेरणा वापतको रकम ६२४ ले बुझिलिएको देखिन्छ । रकम बुझिलिएको प्रमाणका रुपमा अनुसुचि बमोजिमको फारममा हस्ताक्षरर गरेको देखिन्छ ।यसवाट उत्पेरणा वापतको रकम वास्तविक पक्ष समक्ष पुगेको सम्वन्धमा आश्वश्त हुन नसकिएकोले आगामी वर्षमा सम्वन्धितको परिचय खुल्ने नागरिकता तथा परिचय पत्र लगायतका थय प्रमाण संलग्न राखि भुक्तानि दिदाँ बास्तविक सेवाग्राहीले प्राप्त गर्ने र वास्तविक तथ्याङ्क सँग मेल खाने हुँदा यस तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११० **अन्तर्गत कोषहरुको कारोवार -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय संचितकोष सम्बन्धी व्यवस्था छ । नगरपालिकालाई प्राप्त हुने कुनै पनि स्रोतको रकम संचितकोषमा रहने र कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने गरी तोकिएको छ । साविकमा जिल्ला जन-स्वास्थ्य कार्यालय मातहत रहेका स्वास्थ्य चौकी, उपचौकी, स्वास्थ्य केन्द्रहरु पालिका मातहत समाहित भई संचालन रहेकोमा ती स्वास्थ्य चौकी र केन्द्रहरुमा विभिन्न कोष खडा गरी स्वास्थ्य तर्फका कार्यक्रमबाट रकम जम्मा गर्ने, ल्याव संचालनबाट प्राप्त रकम लगायतका अन्य स्रोतबाट प्राप्त रकमहरु समेत स्वास्थ्य चौकी र केन्द्रमा इन्चार्जहरुले छुट्टै बैंक खातामा राखी खर्च भइरहेको छ । पालिकाले लेखापरीक्षणमा

उक्त कोषहरुको आय-व्यय तथा कारोवारको एकीकृत हिसाव विवरण पेश भएन । ऐनको व्यवस्था बमोजिम पालिका अन्तर्गतका सबै इकाइहरुको आर्थिक कारोवार तयार गरी लेखापरीक्षण गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना
१ गरी पारीश्रमिक कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको कटारी अस्पतालमा यस आर्थिक वर्षमा कार्यरत मेडिकल अधिकृत श्री हरिशंकर न्यौपानेले छुटपश्चातको करयोग्य आय रु.२५८०१९ मा करकट्टी नभएकोले नियमानुसार लाग्ने कर रु.३७६०४ र मेडिकल अधिकृत श्री आशिष पौडेलको छुट पश्चातको करयोग्य आय रु.३९४६३६ मा करकट्टी नभएकोले नियमानुसार लाग्ने कर रु.६४९२८ समेत जम्मा रु.१०२५३२ पारिश्रमिक कर असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,५३२ |

११ **गैरसरकारी संस्था साझेदारी** - पालिकाले रु.२८००१३० र युएनएफपिएको अन्य साझेदार संस्थाहरु समेत
२ आईपिएएस नेपालको नेतृत्वमा सन् २०२२ जुलाई १ देखी २०२३ जुनसम्म सञ्चालन गर्ने गरी मिति २०७९।३।१५ मा समझदारी भएको छ । जसअन्तर्गत परियोजनाको रु.३३८९०६० र पालिकाको रु २८००१३० समेत जम्मा रु ६१८९१९० बजेट रहनेगरी सम्झौता गरिएकोमा कुल खर्च रु.२३११००० मध्ये साझेदार संस्थाले रु.९३४७५० खर्च गरेको विवरण पेश भएको छ । समझदारीका क्रियाकलापको विश्लेषण गर्दा अधिकांश खर्च चालु प्रकृतिका खर्च जस्तै तलव एवं दैनिक भ्रमण भत्ता र स्टेशनरी लगायतकै हाराहारीमा मात्र गैससले व्यहोरेको देखिएकोले पालिकाको बजेट परिचालन गर्दा पुँजीगत लाभ र सेवा परिचालन हुने गरी गैससको लागत सहभागिताको अंश बढी हुने गरी गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै, कार्यक्रम सञ्चालन र नविकरण गर्दा विगतको मुल्यांकन र वित्तिय प्रतिवेदन मुल्यांकन गर्ने परिपाटीको समेत विकास गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **कटारी प्रशासकिय भवन** - पालिकाले कटारी नगरपालिकाको प्रशासकिय भवन निर्माणका लागि मिति
३ २०७९।१०।२० मा भुस्नाम्छा प्राईम बेल्टार जेभीसँग (ठे न ५-०७९।८०) रु.५४८८४४१९।३६ (मुअकर समेत) मा मिति २०८१।३।१५ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हालसम्म रु २२१४७०३९।१२ भुक्तानी भएको छ । भवन निर्माण संरच्ना सम्बन्धमा गत विगतमा भुईतल्ला निर्माण भैसकेको र लामो समयसम्म निर्माण सुचारु हुन नसकि अधुरो रहेको अवस्थामा नयाँ खरिद सम्झौता गरेको देखिएको र अघिल्लो खरिद सम्झौता सम्बन्धी कागजात तथा अभिलेख लेखापरीक्षणमा पेश हुन सकेन । यसबाट सो निर्माण कार्यमा गत विगतमा के कति भुक्तानी भएको थियो र खरिद सम्झौताको अवस्था के थियो भन्ने सम्बन्धमा आश्वस्त हुने आधार रहेन । साथै, विगतमा भवन डिजाईन गर्दा भुईतल्लामा सटर राखेको र निर्माण समेत सोही बमोजिम भएकोमा प्रयोगबिहिन भैसकेको अवस्थामा नयाँ खरिद सम्झौता हुने समयसम्म पालिकाले केही भाग प्रयोग समेत गरेको जानकारी लेखापरीक्षणमा पेश भएको छ । सार्वजनिक निकायले निर्माण कार्य सञ्चालन र खरिद सम्झौता गर्दा सो सँग सम्बन्धित सम्पूर्ण खरिद कार्यको अभिलेख

व्यवस्थित तवरले राख्नुपर्ने र उक्त निर्माणस्थल वा क्रियाकलापमा दोहोरो खरिद सम्झौता भए नभएको यकिन गरेर मात्रै कार्य गर्नु गराउनु पर्नेमा सो नगरेको उपयुक्त देखिएन ।

सैद्धान्तिक बेरुजु

११ **फोहरमैला व्यवस्थापन** -फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको
४ वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यका लागि २ स्थायी कार्यालय सहयोगी, ४ दैनिक ज्यालादारीका सहयोगी र ३ सवारी चालक सहित ९ जना जनशक्ति परिचालन भएको जनाएको छ । १ ट्रिपर तथा २ ट्रयाक्टरमार्फत फोहोर संकलन गरी वडा नं ३ को राजावासमा अव्यवस्थित तवरले फोहोर थन्क्याउने गरेको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **विद्यालयमा ईन्टरनेट पहुँच** - कटारी नगरपालिका र नेपाल दुरसञ्चार प्राधिकरणसँग भएको सम्झौता बमोजि
